पुष्करलालद्वारा प्रतिष्ठापित
# नेपाल समाचारपत्र
राष्ट्रिय दैनिक
newsofnepal.com
आइतबार, चैत १५, २०८२ | Sunday, March 29, 2026 | नेसं ११४६, चौल्लागा १० | वर्ष ३१, अंक ६८ | पृष्ठ ८+२ | मूल्य रू १०/–

ई IMAGE HD

### सयदिने कार्यसूचीसहित बालेन सरकार एक्सनमा

## २०४८ सालदेखिका उच्च पदस्थ र कर्मचारीको सम्पत्ति छानबिन गर्न १५ दिनभित्रै उच्चस्तरीय छानबिन समिति

सागर पण्डित, काठमाडौं



बालेन्द्र शाह (बालेन) प्रधानमन्त्री भएलगत्तै सरकारले शासकीय सुधारका एक सयदिने कार्यसूची सार्वजनिक गरेको छ। बालेन सरकार सो कार्यसूचीसहित एक्सनमा उत्रिएको छ। सरकारले शनिवार राती सार्वजनिक गरेको कार्यसूचीअनुसार २०४८ देखि २०८२ सालसम्म सार्वजनिक पदमा बसेका उच्च पदस्थ पदाधिकारी र उच्च कर्मचारीहरू सबैको सम्पत्ति छानबिन गर्ने भएको छ। त्यसका लागि अधिकार सम्पन्न सम्पत्ति छानबिन समिति गठन गर्ने निर्णय भएको छ। सो समिति १५ दिनभित्र गठन गरिने प्रधानमन्त्री कार्यालयले जनाएको छ। सोअनुसार सबै उच्च पदस्थहरूको सम्पत्ति विवरणको संकलन, प्रमाणीकरण तथा छानबिन गरिनेछ।

शुक्रवार बसेको बालेन सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले सरकारले गर्ने सयदिने कार्यसूची सार्वजनिक गर्ने निर्णय गरेको थियो। सोअनुसार सरकारको समग्र कार्यसम्पादनलाई नतिजामुखी, प्रभावकारी, मापनयोग्य र जवाफदेही बनाउन नतिजामा आधारित शासकीय प्रबन्ध लागू गरिने छ। सो प्रबन्धका लागि प्रत्येक मन्त्रालयले ७ दिनभित्र प्रमुख १० कार्य, तिनका समयसीमा, जिम्मेवार अधिकारी र प्रमुख कार्यसम्पादन सूचकसहितको कार्ययोजना तयार गरी कार्यान्वयनमा लैजाने भएको छ।

#### अन्य प्रमुख सुधार सूची यस्ता छन्

- प्रधानमन्त्री कार्यालयबाट अन्य मन्त्रालयको काम नियमित अनुगमन
- सबैको घोषणापत्र समेटेर राष्ट्रिय प्रतिबद्धतापत्र तयार गर्ने
- सात दिनभित्र संविधान संशोधन बहस पत्र तयार गर्न कार्यदल गठन गर्ने
- १५ दिनभित्र सुधारमुखी कार्यक्रम घोषणा गर्ने
- भाद्र २४ गतेका घटना छानबिन गर्न उच्चस्तरीय छानबिन समिति गठन गर्ने
- संघीय मन्त्रालयको संख्या १७ कायम गर्ने
- तीनै सरकारको जनशक्ति व्यवस्थापनका लागि राष्ट्रिय मापदण्ड बनाउने
- सबै सेवालाई फेसलेस, टाइम बाउन्ड र ट्र्याकिङ योग्य बनाउने
- गुनासो व्यवस्थापन गर्न बहुच्यानलको व्यवस्था मिलाउने
- सरकारी कार्यालयहरू बिचौलियामुक्त बनाउने
- भ्रष्टाचार छानबिन गर्न १५ दिनभित्र अधिकार सम्पन्न सम्पति छानबिन समिति बनाउने
- २०४८ सालदेखि २०८२ सालसम्म सार्वजनिक पदमा बसेका उच्च पदाधिकारी तथा कर्मचारीको सम्पत्ति छानबिन गर्ने
- राष्ट्रिय सतर्कता केन्द्रको पुनर्संरचना ३० दिनभित्र गर्ने
- आयोजन निगरानी कार्यतालिका बनाइने
- रोजगार सीप तथा उद्यमशीलता केन्द्र स्थापना गरिने
- निजी क्षेत्र संरक्षण एवं प्रवर्द्धन रणनीति स्वीकृत गरिने
- अन्तर्राष्ट्रिय कर तथा वित्तीय पारदर्शी मापदण्ड लागू गर्ने
- राजस्व प्रणालीमा एक महिनाभित्र ईबिलिङ प्रणाली लागू गरिने
- १३९ वटा कोषलाई आवश्यकताअनुसार एकीकृत गरिने
- स्वास्थ्य क्षेत्रमा आमूल सुधार गरिने, १० प्रतिशत नि:शुल्कलाई कडाइ
- ६० दिनभित्र सबै शैक्षिक क्षेत्रमा दलीय विद्यार्थी संगठन हटाउने
- सुकुम्बासीका समस्या १ हजार दिनभित्र समाधान गरिने
- प्रहरीको सीआईबीलाई प्रविधियुक्त बनाउन तत्काल १ करोड दिइने
- सातै प्रदेशमा महिलाका लागि २५ वटा ब्लुबस सञ्चालन गर्ने
- सहकारीका साना बचतकर्तालाई बचत फिर्ताको प्रक्रिया १ सय दिनभित्र सुरु
- दलीय ट्रेड युनियनहरू खारेज हुने

## पूर्वप्रधानमन्त्री ओली र लेखक पक्राउ

### विरोधमा एमाले कार्यकर्ताद्वारा सिंहदरबारको दक्षिण गेटमा आक्रमण प्रयास

- एमालेको कडा प्रतिवाद, दोहोरो मुठभेडको खतरा
- विरोध चर्कंदै सरकारमाथि दबाब

दीपक रिजाल, काठमाडौं







सरकारले कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गरिएको भन्दै एमालेका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई पक्राउ गरेपछि राजनीति मुठभेडतर्फ अघि बढ्ने संकेत देखिएको छ। प्रहरीले शनिवार बिहान एमाले अध्यक्ष ओली र कांग्रेस नेता पूर्व गृहमन्त्री लेखकलाई उहाँहरूको निवासबाटै पक्राउ गरी हिरासतमा लिइएको थियो। गृहमन्त्री सुदन गुरुङले कार्की आयोगले कारबाहीको सिफारिस गरेकाले कानुन कार्यान्वयन गर्ने क्रममा ओली र लेखकलाई पक्राउ गरिएको बताउनुभएको छ।

ओलीको पक्राउसँगै एमाले कार्यकर्ताहरूले शनिवार दिनभर प्रदर्शन र विरोध गरेका छन्। ओलीलाई प्रहरीले नियन्त्रणमा लिएपछि त्यसको प्रत्यक्ष प्रतिक्रियास्वरूप एमालेले देशव्यापी आन्दोलन घोषणा गरेको छ।

प्रदर्शनका क्रममा एमाले कार्यकर्ताहरूले शनिवार दिउँसो सिंहदरबारको दक्षिण गेटमा आक्रमणको प्रयास गरेका छन्। त्यस क्रममा प्रहरीले हस्तक्षेप गरी सात जनालाई नियन्त्रणमा लिएको एमालेले जनाएको छ। साथै प्रदर्शनका क्रममा एमालेका केही कार्यकर्ताहरू घाइतेसमेत भएका छन्। अध्यक्ष ओलीको पक्राउपछि आक्रोशित बनेका एमाले कार्यकर्ताहरूले काठमाडौंको माइतीघरदेखि बानेश्वरसम्म प्रदर्शन गरेका थिए। सोही क्रममा प्रदर्शनकारीहरूले तोडफोडसमेत गरेपछि प्रहरीले हस्तक्षेप गर्दा केही प्रदर्शनकारी घाइते भएका हुन्।

शनिवार बिहान बसेको एमाले सचिवालयको आकस्मिक बैठकले आन्दोलनलाई औपचारिकता दिँदै देशभर जनसंगठनहरूको नेतृत्वमा विरोध प्रदर्शन गर्ने निर्णय गरेको थियो। एमालेले आफूसँग आबद्ध २३ वटा जनसंगठनलाई परिचालन गर्दै आन्दोलनलाई सशक्त बनाउने रणनीति तय गरेको छ। पार्टीका अनुसार प्रत्येक जिल्लाको सदरमुकाममा प्रदर्शन गरिने छ भने आइतबार प्रमुख जिल्ला अधिकारी (सीडीओ) कार्यालयमार्फत विरोधपत्र बुझाइने कार्यक्रम छ।

ओली पक्राउको खबर सार्वजनिक भएसँगै शनिवार बिहानैदेखि काठमाडौं उपत्यकासहित देशका प्रमुख सहरहरूमा एमाले कार्यकर्ता स्वस्फूर्त रूपमा सडकमा उत्रिएका थिए। राजधानीका नयाँ बानेश्वर, कोटेश्वर, कलंकी, बालाजुलगायतका क्षेत्रमा कार्यकर्ताले प्रदर्शन गर्दै सरकारविरुद्ध चर्को नाराबाजी गरेका थिए।

(क्रमश: पृष्ठ ५ मा)

## रमेश लेखकलाई प्रतिशोध राखेर पक्राउ गरेको देउवा-कोइराला पक्षको दाबी

### प्रतिवादमा उत्रिन पार्टीपंक्तिलाई आह्वान

नेपाल समाचारपत्र, काठमाडौं

नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा पक्ष र नेता शेखर कोइराला पक्षले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई प्रतिशोध साँध्ने उद्देश्यले पक्राउ गरेको भन्दै अपत्ति जनाउँदै भर्त्सना गरेको छ। सो पक्षले ओली लेखक पक्राउ पूर्वाग्रहप्रेरित रहेको स्पष्ट पारेको छ।

देउवा पक्ष कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले शनिवार विज्ञप्ति जारी गर्दै संविधानको मर्मविपरीत उनीहरूलाई पक्राउ गरेको भन्दै तत्काल रिहा गर्न माग गर्नुभएको हो। विज्ञप्तिमा भनिएको छ- 'आज बिहान नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वगृहमन्त्री रमेश लेखकलाई राजनीतिक प्रतिशोध साँध्ने उद्देश्यबाट सरकारले पक्राउ गरेको छ।' नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई पनि त्यसै गरी पक्राउ गरिएको उल्लेख गर्दै विज्ञप्तिमा भनिएको छ- 'संविधान र प्रचलित कानुनविपरीत गरिएको यस कार्यको हामी भर्त्सना गर्दछौं।' गौरीबहादुर कार्की नेतृत्वको आयोगको सिफारिसका आधारमा पक्राउ गरेकोमा यसलाई बदनियतपूर्ण कार्य भनिएको छ। यसले गम्भीर संवैधानिक र कानुनी प्रश्न उब्जाएको उल्लेख गरिएको छ।

'आयोगको प्रतिवेदन कार्यान्वयनका नाममा प्रतिवेदनको पेज नं. ७२१ को सिफारिसबमोजिम अनुसन्धान तहकिकात र अभियोजन गर्न गराउन नेपाल सरकारलाई सिफारिस गरी पठाउने भनिएकोमा कुनै पनि प्रक्रिया पूरा नगरिकन तत्कालीन सरकारका पदाधिकारीहरूलाई पक्राउ गर्नु कानुनी राज्यको बर्खिलाप छ, राजनीतिक रूपमा पूर्वाग्रह प्रेरित छ' -विज्ञप्तिमा भनिएको छ। गत भदौ २३ र २४ गते दुवै दिन भएका घटनाको छानबिन गर्नुपर्नेमा दोस्रो दिनको घटनामा मौन रहनुबाट प्रतिवेदन पक्षपातपूर्ण रहेको बैठकले ठहर गरेको छ। 'सरकार गठन भएलगत्तै दुराशयपूर्ण तवरबाट भएको यस राजनीतिक प्रतिशोधले सरकार संविधान र लोकतन्त्रको प्रतिबद्धताबाट पछाडि हट्न पुगेको देखिन्छ', विज्ञप्तिमा भनिएको छ- 'यस कार्यको संवैधानिक, कानुनी र राजनीतिक रूपमा प्रतिवाद गर्ने नेपाली कांग्रेसको यो बैठक निर्णय गर्दछ।' यससँगै देशभरका आफ्ना नेता तथा कार्यकर्तालाई तयारी अवस्थामा रहन पनि अपिल गरिएको छ। विज्ञप्तिमा भनिएको छ- 'साथै आईपर्ने जुनसुकै परिस्थितिको राजनीतिक रूपमा सामना गर्न देशभरिका पार्टीका साथीहरूलाई तयार रहन हार्दिक अपिल गर्दछ।' संवैधानिक, कानुनी र राजनीतिक रूपमा प्रतिवाद गर्नको लागि पार्टीपंक्तिलाई आह्वानसमेत गरेका छन्।

मौसमसम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं ।

- मौसम तथा जलवायुसम्बन्धी सूचना लिने र दिने गरौं,
- मौसम पूर्वानुमानको जानकारी नियमितरूपमा लिऔं,
- प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
- जलवायु परिवर्तनका असर घटाउन सामूहिक प्रयास गरौं,
- वन संरक्षण र वृक्षारोपणमा सक्रिय सहभागिता जनाऔं,
- ऊर्जा बचत र स्वच्छ ऊर्जाको प्रयोग बढाऔं,
- वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनौं ।

वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

### यस्ता छन् शिक्षामन्त्री पोखरेलका चुनौती

## पहिलो शिक्षा ऐन त्यसपछि अन्य विषयलाई प्राथमिकता

ईश्वरराज ढकाल, काठमाडौं

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री बनेका युवा नेता सस्मित पोखरेललाई शिक्षा क्षेत्रमा देखिएका राजनीतिकरण अन्त्य गर्नु पहिलो चुनौती छ। दशकौंदेखि भागबण्डाको आधारमा विश्वविद्यालयका पदाधिकारीदेखि विभिन्न निकायमा हुने राजनीतिक भागबण्डा अन्त्य गर्नु मन्त्रीको अर्को चुनौती हो।

त्यससँगै ५४ वर्ष पुरानो शिक्षा ऐन ल्याउनु शिक्षामन्त्री पोखरेलको लागि ठूलो अवसर र चुनौती छ। मन्त्री पोखरेल शिक्षा क्षेत्र बुझेका व्यक्ति हुनुहुन्छ। करिब ३ वर्ष काठमाडौं महानगरपालिकाको शिक्षा सल्लाहकार रहनुभएका मन्त्री पोखरेलले शिक्षामा देखिएको विकृति र विसंगतिलाई अन्त्य गर्न गहन जिम्मेवारी लिनुभएको छ।

प्रधानमन्त्री वालेन्द्र साहको सचिवालयमा बसेर काम गरेको अनुभव बटुल्नुभएका मन्त्री पोखरेलको पहिलो काम शिक्षा ऐन ल्याउनुहुनेछ। त्यसपछि अघिल्ला मन्त्री महावीर पुनको कार्यकालमा तयार भएको शिक्षा नियमावली र विश्वविद्यालयहरूमा प्रधानमन्त्री कुलपति रहने व्यवस्था हटाउने समेतका विषय उल्लेख गरेका विश्वविद्यालय ऐन ल्याउनुपर्छ। शुक्रवार मन्त्रीको वागडोर सम्हालेका मन्त्री पोखरेलसामु मन्त्रालयको बजेटलाई २० प्रतिशत पुऱ्याउनेदेखि अन्य दर्जनौं चुनौती छन्।

शिक्षाका प्रशासनिक र प्राविधिक समस्या समाधान गरी शिक्षामा आमूल परिवर्तन ल्याउन संघीय शिक्षा ऐन ल्याउने प्रयास भइरहेको छ। वैशाख २ गतेबाट नयाँ शैक्षिक सत्र सुरु हुँदै छ। विद्यालयमा भर्ना हुन आउने विद्यार्थीको हातहातमा नयाँ पाठ्यपुस्तक पुऱ्याउनु मन्त्री पोखरेलको अर्को चुनौती हो। यद्यपि, यो वर्ष समयमै पाठ्यपुस्तक पुग्नेमा शिक्षा मन्त्रालयसम्म ढुक्क छ। जनकशिक्षा सामग्री केन्द्रले यो वर्षका लागि आवश्यक पर्ने पाठ्यपुस्तक छपाइ गरिसकेको छ। सबै बिक्री केन्द्रमा पाठ्यपुस्तक पुगिसकेको दाबी केन्द्रको छ।

प्राविधिक तथा व्यावसायिक शिक्षा, विश्वविद्यालयको छाता ऐनको विधेयक र संसद्मा टेबल भएको उच्चशिक्षा ऐनको विधेयक ल्याउने दायित्व मन्त्री पोखरेलमाथि थपिएको छ। उच्चशिक्षा अध्ययनको नाममा कक्षा १२ पास गरेलगत्तै हजारौं विद्यार्थी विदेशिने प्रवृत्तिको अन्त्य गर्नुमात्रै होइन कर्मचारी व्यवस्थापन मुख्य चुनौती छ। राष्ट्रिय पुस्तकालय व्यवस्थापन गर्नु पनि शिक्षा मन्त्रीको प्राथमिकतामा पर्नुपर्ने विषय हुन्। लामो समयदेखि शिक्षक र कर्मचारीको कारण शिक्षाक्षेत्र लथालिंग बनेको यो। दलगत संगठनले ध्वस्त पारेको शिक्षाक्षेत्रको तत्काल सुधार गर्नु मन्त्रीको मुख्य काम हुनुपर्छ। शिक्षक महासंघको प्रतिनिधित्व गराएर बाँकी दलगत संघसंगठन खारेज गर्नु मन्त्रीको चुनौती बन्न सक्छ। मन्त्रालयल र कार्यालयमा हुने राजनीति अन्त्य गर्नु मन्त्री पोखरेलको चुनौती हो।

(क्रमश: पृष्ठ ५ मा)

### पदबहालीमा मन्त्री पोखरेलले स्वीकृत नगरेको यो प्रस्ताव

## मन्त्रीले सम्भवत: आज स्वीकृत गर्दै

काठमाडौं, (नेस)

शिक्षा, विज्ञान तथा प्रबिधिमन्त्री सस्मित पोखरलले शुक्रबार मन्त्रालयले गरेको प्रस्ताब स्वीकृत गर्नुभएन। सो प्रस्ताव सम्भवत: आज आइतबार स्वीकृत गर्ने सम्भावना छ। शुक्रवार पदबहालीको क्रममा शिक्षासचिव चूडामणि पौडेलले प्रस्ताव गर्नुभएको टिप्पणी मन्त्री पोखरेलले सदर गर्नुभएन।

पुरातन परम्परा समात्दै मन्त्रालयले संस्थागत विद्यालयको छात्रवृत्तिसम्बन्धी फाइल पेस गरेको थियो। मन्त्री पोखरेलले पदबहाली गर्दै आजै सदर गर्नुपर्ने बाध्यकारी कारण नभएको बताउनुभएको थियो। मन्त्रालयका अधिकारीसँग भएको ब्रिफिङमा मन्त्री पोखरेलले आवश्यकताका आधारमा तत्काल काम गर्न निर्देशन दिनुभएको थियो। मन्त्रालयले शुक्रबार मन्त्री पोखरेललाई पेस गरेको प्रस्तावमा शिक्षा ऐन २०२८ को दफा १६ ञ मा संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्थाअन्तर्गत संस्थागत विद्यालयले आफ्नो विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा १० प्रतिशत विद्यार्थीहरूलाई नघट्ने गरी विपन्न अपाङ्ग महिला दलित वा जनजाति विद्यार्थीहरूलाई नि:शुल्क छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ भन्ने व्यवस्था रहेको छ।

अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन २०७५ को दफा २७ मा निजी विद्यालय सेवामूलक हुने व्यवस्था गरेको तथा सोही दफाको उपदफा ३ मा निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठीअन्तर्गत सञ्चालन गरेका सबै विद्यालयहरूले विद्यार्थी संख्याको आधारमा प्रारम्भिक बालविकास तथा शिशु कक्षादेखि १२ कक्षासम्मका कुल विद्यार्थी सख्याको देहायबमोजिम विद्यार्थीहरूलाई नि:शुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने उल्लेख छ।

(क्रमश: पृष्ठ ५ मा)

# ट्याक्टरको ठक्करबाट स्कुटरमा सवार महिलाको मृत्यु

**नेपाल समाचारपत्र, चितवन**

चितवनको रत्ननगर नगरपालिका-९ स्थित निपनी चोकमा सोमबार दिउँसो भएको सवारी दुर्घटनामा एक महिलाको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय चितवनका अनुसार दिउँसो खैरहनीबाट भरतपुरतर्फ आउँदै गरेको डिजेल बोकेको ट्याक्टरले स्कुटरलाई ठक्कर दिँदा दुर्घटना भएको हो।

प्रहरीका अनुसार लु २ ख २८९४ नम्बरको ट्याक्टरले भित्री सडकबाट मुख्य सडकमा निस्कँदै गरेको ना ५५ प ८०७७ नम्बरको स्कुटरलाई ठक्कर दिएको थियो। ठक्करबाट स्कुटरको पछाडि सवार भरतपुर महानगरपालिका-७ निवासी अन्दाजी ३५ वर्षीया मीना रेग्मीको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय चितवनका सूचना अधिकारी रविन्द्र खनालले जानकारी दिनुभयो।

उक्त दुर्घटनामा स्कुटर चालक पूर्ण सापकोटा भने सकुशल रहेको प्रहरीले जनाएको छ। यद्यपि दुर्घटनाको प्रकृति भयावह रहेकाले स्कुटर पूर्ण रूपमा क्षतिग्रस्त भएको बताइएको छ।

दुर्घटनापछि अनियन्त्रित बनेको ट्याक्टरले सडक किनारमा रोकेर राखिएका अन्य सवारी साधनमा समेत क्षति पुर्‍याएको छ। प्रहरीका अनुसार ट्याक्टरले ना ६५ प ७८८३ र ना ५५ प ८०८३ नम्बरका दुईवटा मोटरसाइकल तथा एउटा साइकललाई ठक्कर दिँदा ती सवारी साधनमा पनि क्षति पुगेको छ।

## गोलन्जोर गाउँपालिका
## गाँउ कार्यपालिकाको कार्यलय
ग्वालटार, सिन्धुली

### बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

(सूचना प्रकाशित मिति २०८२।१२।१५)

प्रस्तुत विषयमा यस कार्यलयबाट आ व २०८२।०८३ बार्षिक वजेट अनुसार मिति २०८२।१०।२० गतेको हिमालय टाइम्स नेपाल राष्ट्रिय दैनिक र PPMO e–GP system को www.bolpatra.gov.np.egp मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्य तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्युनतम मूल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि सिफारिस भई आए बमोजिम सार्वजानिक खरिद ऐन, २०६३ को दफा २७(१) बमोजिम स्वीकृतीको लागि छनौट गरिएकोले सोहि ऐनको दफा २७(२) र दफा ४७ को प्रयोजनको लागि सम्बन्धीत सबै बोलपत्रदाताहरुलाई जानकारी गराईन्छ।

| क्र.सं | ठेक्का नं | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल गरिएको रकम मु.अ. कर सहित |
|---|---|---|---|---|
| १. | GRM/SIN/WORKS/NCB/12/082/083 | Aambote Sichai Yojana | Sishir Construction And Suppliers Pvt. Ltd., Golanjor-4, Sindhuli | २०,८९,०५८।०० |
| २. | GRM/SIN/WORKS/NCB/13/082/083 | Baleni Bhandas Gaudakhola Aadhamara Mewabote Chhepta Haiba Chad Sadak Staronnati | Sishir Construction And Suppliers Pvt. Ltd., Golanjor-4, Sindhuli | ३६,८५,६८७।६१ |
| ३. | GRM/SIN/WORKS/NCB/14/082/083 | Bhadaure Swasthya Kendra Nirman | Jayabal Construction Pvt. Ltd., Sunkoshi-05, Sindhuli | ५४,४८,८३८।१६ |

**प्रमुख प्रशासकीय अधिकृत**

Government of Sudurpashchim Province
Ministry of Physical Infrastructure Development
## Water Resources and Irrigation Development Division Office, Dadeldhura

### INVITATION FOR ELECTRONIC BIDS

**First Publication Date: BS 2082/12/15 (29th March 2026)**

Water Resources and Irrigation Development Division office, Dadeldhura invites electronic bids (only) from Nepalese eligible bidders under National Competitive Bidding procedures for the following works. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Water Resources and Irrigation Development Division Office, Dadeldhura or may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp.**

| S. N. | Contract ID | Description of works | Estimated amount excluding VAT (NRs.) | Bid Security Amount in (NRs.) |
|---|---|---|---|---|
| 1. | WRIDDO/DADELDHURA/GOJA-LIFT/ISP/W/NCB-16/2082/83 | Construction of RCC Sump Well and Gabion Spur Works in Goja lift ISP, Parshuram Mun.- 4 | 21,36,192 | 53,500 |
| 2. | WRIDDO/DADELDHURA/GANESHPUR-LIFT/ISP/W/NCB-26/2082-83 | Construction of Meter House, Pipe Laying and Electromechanical Parts in Ganeshpur Lift ISP of Ganyapdhura RM-2 | 19,25,195 | 48,000 |
| 3. | WRIDDO/DADELDHURA/ISP/W/NCB-33/2082/83 | Construction of RVT and Canal Structure in 4 different projects of Ganyapdhura RM 1,2,3,4 | 21,49,182 | 54,000 |
| 4. | WRIDDO/DADELDHURA/ISP/W/NCB-34/2082/83 | Construction of Intake, Pipeline and RVT works in 2 different Irrigation Sub-Project of Bhageshwar RM-5 | 17,40,244 | 43,500 |
| 5. | WRIDDO/DADELDHURA/ISP/W/NCB-35/2082/83 | Construction of Pipeline and Canal Lining works in 2 different Irrigation Sub-Project of Ajayameru RM 4,5 | 21,39,705 | 53,500 |
| 6. | WRIDDO/DADELDHURA/RT/W/NCB-36/2082/83 | Construction of RCC Core Wall and Gabion Toe Wall Works in 2 different Projects of Ajayameru RM 3,5 | 20,01,617 | 50,000 |
| 7. | WRIDDO/DADELDHURA/ISP/W/NCB-37/2082/83 | Construction of RVT, Pipeline and associate structures works in 3 different Irrigation Sub-Project of Aalital RM 7,8 | 24,73,770 | 62,000 |
| 8. | WRIDDO/DADELDHURA/OLLOPALLOHAMTAD-LIFT/ISP/W/NCB-38/2082/83 | Construction of Electromechanical Parts and Pipeline Works in Ollopallo Hamtad lift ISP, Aalital RM-8 | 34,34,930 | 86,000 |
| | Bid document Fee for each contract (Non refundable) NRs. | | | 3,000 |

**Division Chief**

## Rapti Municipality
## Office of Municipal Executive
**Bhandara , Chitwan**
**Bagamati Province, Nepal**

### Invitation for Bids

**Date of Publication (Second Time) : 2082/12/15**

**Rapti Municipality, Office of Municipal Executive, Bhandara Chitwan** invites online bids only under E-procurement system from eligible bidders for the following works given below. All other information regarding Bid Document can be downloaded from PPMO's website **www.bolpatra.gov.np/egp.** All eligible bidders are requested to submit **E-bid** only as per instructions within the mentioned period.

| SN | Name of Project | Project ID | Bid Document Price (NRs.) | Bid Security Amount (NRs.) | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| 1 | Construction of Compound Wall of Rapti Ward 6 | 001/Works/NCB/RM/082/083(RE) | 3000/- | 70,0000/- | 13th April 2026, 12:00 Hrs. |
| 2 | Rapti Municipality Ward-3 Various Road Rigid Pavement Work | 002/Works/NCB/RM/082/083(RE) | 3000/- | 80,000/- | 13th April 2026, 12:00 Hrs. |
| 3 | Blacktopped road at Phulariya and Mahal Hardira tole Rapti-6 | 001/Works/SQ/RM/082/083(RE) | 1000/- | 40,000/- | 13th April 2026, 12:00 Hrs. |
| 4 | Maintenance Works in Rapti Municipality Ward No 1,2,4, 6,8,9 Office Building | 006/Works/NCB/RM/082/083(RE) | 3000/- | 1,45,000/- | 13th April 2026, 12:00 Hrs. |

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८२/१२/१५**

यस कार्यालयबाट प्रकाशित ठेक्का सम्बन्धि सूचना बमोजिम रितपुर्वक दर्ता भएका बोलपत्र उपर मुल्याकंन समितिबाट मुल्याँकन भई कारबाही हुँदा देहाय बमोजिमको बोलपत्रदाताहरुले पेश गरेको बोलपत्रको कवोल अंक न्युनतम मुल्याँकित सारभुतरुपमा प्रभावग्राही देखिएकोले बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिनको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सरोकारहरुको जानकारीका लागि प्रकाशित गरिएको छ।

| ठेक्का न. | निर्माण कार्यको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | कबोल रकम (VAT र PS सहित) |
|---|---|---|---|
| 004/Works/NCB/RM/082/083 | Daduwa Chowk to Harikirtan Marga Blacktop, Rapti 04 | M/S Durga Bhawani Construction, Chitwan | ३८,१९,७४०।७५ |
| 005/Works/NCB/RM/082/083 | Construction of Rigid Pavement Roads in Ward No. 9 of Rapti Municipality | M/S Adishakti Nirman Sewa, Kathmandu | ४८,१९,१७१।२० |

**Chief Administrative Officer**

## प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड
PRABHU Mahalaxmi Life
प्रधान कार्यालय कमलादी, काठमाडौं । टेलिफोन नं. ०१-५९७०७४८
इमेल: info@pmlil.com । वेभसाइट: www.pmlil.com

### विशेष साधारण सभा सम्बन्धी सूचना
**दोस्रो पटक प्रकाशित मिति : २०८२/१२/१५**

**श्री शेयरधनी महानुभावज्यूहरु,**

मिति २०८२/१२/०३ मा बसेको सञ्चालक समितिको अठ्तिसौं बैठकको निर्णयानुसार यस कम्पनीको विशेष साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा आफू स्वयम् वा रितपूर्वकको प्रतिनिधि मार्फत् उपस्थित हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, स्थान र समय :**

| मिति : | स्थान : | समय : |
|---|---|---|
| २०८२/१२/१९ गते, बिहीबार । | आम्रपाली ब्याङक्वेट, भाटभटेनी, काठमाडौं । | बिहानको ९:०० बजे । |

**छलफलका विषयहरुः**

क. कम्पनीको संस्थापक शेयरको १० प्रतिशत शेयर सर्वसाधारण शेयरमा परिवर्तन गर्ने सम्बन्धमा ।

ख. प्रबन्धपत्र तथा नियमावलीमा नियमनकारी निकायहरूले फेरबदल, थपघट गर्न कुनै सुझाव वा निर्देशन दिएमा वा कुनै भाषिक फेरबदल गर्नु पर्ने भएमा सो अनुसार गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

ग. विविध

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी जानकारी**

१. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन २०८२/१२/१७ गते मंगलबार भित्र यस कम्पनीको प्रधान कार्यालय कमलादी, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ ।

२. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएका शेयरधनी आफैं सभामा उपस्थित भएमा त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वत: रद्ध हुनेछ ।

३. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

४. छलफलको विषय अन्तर्गत विविध शिर्षक सम्बन्धमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको विषयबारे कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित जानकारी दिनुपर्नेछ । त्यस्तो विषय सञ्चालक समितिको अध्यक्षलाई उचित लागेमा मात्र छलफलको लागि समावेश गर्नुपर्नेछ ।

५. शेयरधनीहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सभाका सभापति आफैंले वा सभाका सभापतिबाट आदेश पाएका व्यक्तिबाट उत्तर दिइनेछ ।

६. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिर पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। हाजिरी पुस्तिका साधारण सभा सञ्चालन हुने दिन बिहान ८:०० बजेदेखि खुला रहनेछ ।

७. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई वार्षिक प्रतिवेदनका लागि यस कम्पनीको कमलादी स्थित प्रधान कार्यालयमा सम्पर्क गर्नु हुन सूचित गरिन्छ। वार्षिक प्रतिवेदन यस कम्पनीको वेबसाइट www.pmlil.com मा समेत उपलब्ध हुने व्यहोरा सुचित गराइन्छ।

८. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो परिचय दिने आधिकारिक परिचयपत्र तथा साधारण सभा प्रयोजनार्थ जारी प्रवेशपत्र वा नागरिकताको प्रमाणपत्र वा शेयर प्रमाणपत्र लिई आउनु हुन अनुरोध गरिन्छ। शेयर अभौतिकिकरण गराई सक्नुभएका शेयरधनी महानुभावहरुको हकमा DEMAT खाता नम्बर र सक्कल आधिकारिक परिचय पत्र अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्नेछ।

९. उल्लेखित विशेष साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयर दाखिल खारेजको काम २०८२ साल चैत्र महिना १२ गते बिहीबारका दिन बन्द रहनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०८२ चैत्र ११ गते बुधबार सम्म कारोवार भई शेयरधनी कितावमा कायम शेयरधनीहरु सभामा भाग लिन योग्य हुनेछन् ।

१०. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुने छ।

## एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

### धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा, विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १ | **ऋणी फर्म: थापा अर्ग्यानीक, प्रोप्राईटर तथा जमानीकर्ता: पार्वती भण्डारी**<br>दर्ता नं.: वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, (वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखा) बबरमहल, काठमाडौंमा, प्रा.फ.र.नं. ३-३५-३८२-१५६८३५/२०७७/७८, दर्ता मिति २०७७/०८/२८, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा, वडा नं. ७ |
| | **धितोको विवरण** |
| | सवारी मोडल: XENON YODHA CC 4X2 \| च्यासिस नं.:MAT464603KSR14291\| ईन्जिन नं.: 4SPCR10PPY644604<br>सवारी दर्ता नं.: प्रदेश ३-०१-०२४ च ५०६८ |
| २ | **ऋणी फर्म: श्री दुर्गा खाद्यन्न भण्डार, प्रोप्राईटर तथा जमानीकर्ता: चेत कुमारी तिमिल्सीना**<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा, मकवानपुरमा प्रा.फ.र.नं. २४२६/१९०३/०७७/०७८, दर्ता मिति: २०७७/१०/११, ठेगाना: जिल्ला मकवानपुर, हेटौंडा उ.म.न.पा. वडा नं. ४ |
| | **धितोको विवरण** |
| | १) सवारी मोडल: ECOMET1212IC3970WD HSD \| च्यासिस नं.:MBIAUGAC2MRKK7839 \| ईन्जिन नं.:MKHZ402421, सवारी दर्ता नं.: बागमती प्रदेश ०३-००१ ख २१३५<br>२) श्री दुर्गा खाद्यन्न भण्डारको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |

नोट: ऋणी तथा प्रोप्राइटर/संचालक बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राईटर/संचालकको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-( रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।

२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैंकले लिन सक्नेछ ।

३) लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।

४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (आइतबार देखी बिहिबार सम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको १:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।

५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सुचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

## प्रकाश सपुत र सुहाना थापाको

# दु:ख सुख जिन्दगानी





आगामी वैशाख ११ गते रिलिज हुने फिल्म *परालको आगो*मा समावेश *दु:ख सुख जिन्दगानी* शनिवार सार्वजनिक गरिएको छ

प्रकाश सपुत र शान्तिश्री परियारले गाएको गीतमा प्रकाशकै शब्द र संगीत रहेको छ। गीतको भिडियोमा फिल्मका मुख्य कलाकार प्रकाश सपुत र सुहाना थापालाई प्रस्तुत गरिएको छ। मायालु भावमा प्रस्तुत भएका प्रकाश र सुहानाले यही फिल्ममार्फत पहिलोपटक स्क्रिन सेयर गरेका हुन्। गीतले ग्रामीण भेगका युवा युवतीको माया र उनीहरूबीचको प्रेम झल्काएको छ। लोकलयमा आधारित गीतले दर्शकको मन जितिरहेको छ। गाउँमा भएको घाँस दाउरा, बाख्रा गोठालाको दृश्य गीतको पर्दामा देखिन्छ। ओएसआर युटुब च्यानलमार्फत रिलिज गरिएको यस गीतलाई दर्शकले सकारात्मक प्रतिक्रिया दिइरहेका छन्। गीतको भिडियोमा कोरियोग्राफी रामजी लामिछानेको छ।

फिल्मका यसअघि टिजर र फिल्ममा समावेश *उडी जाऊँ भने म पन्छी होइन* सार्वजनिक गरिएको थियो। लक्ष्मण सुनारले निर्देशन गरेको फिल्म गुरुप्रसाद मैनालीको अमर कृति *परालको आगो*बाट प्रेरित छ। सौगात मल्ल, प्रकाश सपुत, सुहाना थापा, सिर्जना अधिकारी, किशोर भण्डारी, ज्याक श्रेष्ठ, सरिता भण्डारी, रेणु न्यौपाने, बाल कलाकार मन्जिला बानियाँलगायतले अभिनय गरेको फिल्म हरि ॐ सिने मेकर्स प्रालिको ब्यानरमा सुशील पोखरेलले प्रस्तुत तथा सुलभी पोखरेल र सत्यम् पोखरेलले निर्माण गरेका हुन्। फिल्ममा सुशील देवकोटाको पटकथा र संवाद, मनबहादुर मुखिया, सुरेन्द्र राना र प्रकाश सपुतको शब्द रचना, शान्ति ठटाल, सत्य-स्वरुप आचार्य र प्रकाश सपुतको संगीत, किरण तुलाधरको पार्श्व संगीत, रामजी लामिछानको कोरियोग्राफी, संकल्प भुजेलको छायाँकन, रंग संयोजन कनाल कँवर, समिर मिया र सत्यम रानाको भिएफएक्स, मुकेश शाहको मिक्सिङ र मिलन श्रेष्ठको सम्पादन रहेको छ। निर्माता रहेको यस फिल्मको वितरण आर आर फिल्मसले गर्दैछ। साथै डिजिटल अधिकार ओएसआरले लिएको छ।


**५ वर्षभन्दा पुरानो नगद लाभांश बुझिलिने सम्बन्धी सूचना**

यस बैंक (साविक युनाइटेड फाइनान्स लि. र साविक नेपाल बङ्गलादेश बैंक लिमिटेड समेत) को ५ बर्ष भन्दा पहिले आ.व. २०७६/७७ मा सम्पन्न वार्षिक साधारणसभाबाट पारित भएको नगद लाभांश कतिपय शेयर धनीहरूद्वारा हालसम्म पनि बुझिलिन बाँकी रहेको व्यहोरा कम्पनी ऐन, २०६३ को दफा १८२ बमोजिम सम्बन्धित शेयरधनी महानुभावहरूमा जानकारी गराउँदै यसरी नगद लाभांश बुझिलिन बाँकी रहेका शेयरधनीहरूले बैंकको शेयर रजिष्ट्रार श्री नबिल ईन्भेष्टमेण्ट बैंकिंग लिमिटेड, नक्साल, नारायणचौर, काठमाडौंमा यथाशिघ्र सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

साथै, सूचना प्रकाशित भएको मितिले १ (एक) महिनाभित्र आफ्नो बक्यौता नगद लाभांश (कुनै कारणले रोक्का भएको अवस्था बाहेक) बुझिलिनु हुन सूचित गर्दै तोकिएको अवधिभित्र बुझिलिन बाँकी रहेको नगद लाभांशको रकम कम्पनी ऐन २०६३ को दफा १८३ बमोजिम स्थापना भएको "लगानीकर्ता संरक्षण कोष" मा दाखिला/जम्मा हुने व्यहोरा समेत जानकारी गराइन्छ। उपर्युक्त बमोजिमको नगद लाभांश लिन बाँकी रहेका शेयरधनीहरूको विवरण यस बैंकको वेबसाईटमा राखिएको व्यहोरा समेत जानकारी गराइन्छ।

पुनश्च: बैंकले शेयरधनीहरूले बुझिलिन बाँकी रहेको आ.व. २०७५/०७६ सम्मको नगद लाभांश लगानीकर्ता संरक्षण कोषमा दाखिला/जम्मा गरेको रकम समेत बैंकको शेयर रजिष्ट्रार मार्फत माग गर्न सकिने व्यहोरा अनुरोध छ।

NABIL BANK®

प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१



**का.म.पा. ११ वडा कार्यालयबाट प्रकाशित सामानहरु लिलाम बढाबढ सम्बन्धी ७ (सात) दिने सूचना**

**प्रकाशित मिति : २०८२/१२/१५ गते**

काठमाडौं महानगरपालिका वडा नं. ११ माइतिघर निवासी श्री मणिक रत्न तुलाधर (ना.प्र.नं. २७-०१-७४-००८२५) ले पेश गरेको निवेदन सम्बन्धमा अभिमान सिंह बस्नेतले मिति २०७६।१०।२९ मा घरबहाल सम्झौता गरी रेष्टुरेन्ट संचालन गर्न कोठा भाडामा लिई बहाल नदिएको र सामानहरु निवेदक (घरधनी) को जिम्मा लगाईएको हुंदा लिलाम प्रक्रिया बाट बिक्रि गर्नु पर्ने भएकाले इच्छुक मान्छे अथवा फर्मले सूचना प्रकासित भएको ७ (सात) दिन मा लिलाम प्रक्रिया मा भाग लिन यो सूचना प्रकासित गरिएको छ। साथै लिलाम सम्बन्धी विवरण सूचना तल उल्लेख गरिएको र अन्य र अन्य जानकारी को लागि कार्यालयको समयभित्र तल उल्लेखित सम्पर्क नम्बरमा सम्पर्क गरि जानकारी लिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

(१) ठुलो ऐना १ थान रु. १२०० (२) तिन सिटर सोफा ४ थान रु. १६००० (३) टुसिटर सोफा ३ थान रु. ६००० (४) एक सिटर सोफा २ थान रु. २००० (५) कुर्सी ४ थान रु. ३२०० (६) Zero watt bulb -६४ थान रु. १२८० (७) Kitchen mob १ थान रु. ३५०० (८) deep fryer १ थान रु. १५०० (९) Steel kitchen Rack १ थान रु. १२०० (१०) Kitchen bulb १० थान रु. ३००० (११) Grass mat १ थान रु. ८०० (१२) Chicken station sign board १ थान रु. ३०० (१३) Chicken logo भएको Frame Board १ थान रु. ३०० (१४) Helmet १ थान रु. ४०० (१५) Bathroom hanger १ थान रु. ४०००

**लिलाम बढाबढ हुने स्थान** : का.म.पा. ११, माइतिघर स्थित चिकेन स्टेशन।

**लिलाम बढाबढ हुने मिति र समय** : २०८२।१२।२२ बिहान ११ बजेदेखि साँझ ४:०० बजेसम्म।

**लिलाम बढाबढ अन्त्य हुने मिति र समय** : २०८२।१२।२२, साँझ ४:०० बजे।

**लिलाम गरेको माल समान लैजानु पर्ने अबधि** : सकार मिति धरौटी राखेको ५ दिन भित्र।

लिलाम बिक्रि हुने सबै सामग्री एउटै फर्मले वा मान्छेले सकार गरि उठाउनु पर्ने छ। लिलाम बिक्रि समन्धी अन्य कुराहरु का.म.पा.ले उल्लेख गरे अनुसार हुनेछ।

**सम्पर्क नम्बर : ९८५१०३३१८४ । ९८६६२६८५९०**



**मधेश प्रदेश सरकार**

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

**पूर्वाधार विकास निर्देशनालय**

**जनकपुरधाम, धनुषा**

**बोलपत्र आह्वान सम्वन्धि सूचना**

**प्रकाशित मिति : २०८२/१२/१५ (29th Mar 2026)**

यस निर्देशनालय अन्तर्गतको तपसिलमा उल्लेखित निर्माण कार्यको लागि बोलपत्र आह्वान गर्नु पर्ने भएकोले मिति २०८३/०१/१५ गते दिउँसो १२:०० वजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp वाट Online Bidding गर्न सम्वन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. N. | Contract No. | Description of Work | Estimated Cost with VAT and PS | Bid Security NRs. | Cost of Bidding Document | Publication Date | Last Date and Bid Purchase and Submission |
|---|---|---|---|---|---|---|---|
| 1 | 25/IDDJNP/ NCB/WORKS/ 2082-083 | Construction of Provincial Nepal Engineers Association Centre Building in Madhesh Province, Dhanusha, Janakpurdham-13. | 43,05,234.47 | 110,000/- | 3000 | 29th March, 2026 | 28th April, 2026 |
| 2 | 26/IDDJNP/ NCB/WORKS/ 2082-83 | Construction of Road Maintenance work from Sitapur Chowk to Pathalgara, Laxmipur Patari Gaa.pa. and from Durga Mandir to Pond, Siraha Na. Paa., Madar. | 97,79,194.78 | 220,000/- | 3000 | 29th March, 2026 | 28th April, 2026 |



**नेपाल सरकार**

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

**डडेल्धुरा अस्पताल, डडेल्धुरा**

**विद्युतीय बोलपत्र आह्वानको सूचना**

**(पहिलो पटक सूचना प्रकाशन मितिः २०८२/१२/१५)**

आ.व. २०८२/८३ मा यस डडेल्धुरा अस्पताल, डडेल्धुरामा Construction of Store Room कार्य गर्नुपर्ने भएकोले, नेपाल सरकारबाट ईजाजत प्राप्त सम्बन्धित निर्माण व्यवसायीहरुले E-Bid गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ। सूचनाको बिस्तृत विवरण तथा शर्तहरु www.bolpatra.gov.np/egp मा हेर्न सकिने छ।

**प्रमुख मेडिकल सुपरिटेन्डेन्ट**



## VACANCY ANNOUNCEMENT

**Position Background**

**Dhulikhel Hospital** is currently seeking a Pediatric Emergency Physician to enhance its pediatric care services. This is a voluntary position aimed at encouraging applications from both diaspora and expatriates. The ideal candidate will support the hospital's mission of providing quality healthcare to children, contributing to a team dedicated to serve rural communities. Interested individuals are invited to apply and join our commitment to improving pediatric health outcomes in the community.

**Responsibilities and Deliverables**

- Supervise residents and fellows in emergency care of children
- Provide expertise and medical education in pediatric emergency medicine.
- Develop and implement curriculum for pediatric emergency medicine
- Conduct and train faculties, residents and students on pediatric emergency medicine simulation
- Conduct research on pediatric emergency care and practices and conduct grant writing and research methodology classes for students, residents and faculties

**Educational Qualification:**

- MD General Practice and Pediatrics

**Experience:**

Sound knowledge of providing pediatric emergency care along with research publications and grant writing

**Skills/Knowledge:**

- Recognize and manage a large spectrum of pediatric emergency especially trauma cases
- Proficiency in point of care ultrasound
- Simulation medicine
- Research publications and training

**Expected Duration of Contract:** Fixed Term 12 months.

**No of position: 1**

Interested candidates are requested to submit their application to Dhulikhel Hospital at oge@dhulikhelhospital.org within 15 days of this advertisement with following documents.

- Cover letter addressed to the Administrative Director.
- Updated resume
- Copy of Academic certificate
- At least 2 reference letters

**Selection Process:**

Only candidates under serious consideration will be notified for the interview. Phone calls will not be entertained.



**JUGAL RURAL MUNICIPALITY**

**Office Of The Rural Municipal Executive**

**Baramchi, Sindhupalchok**

**Bagmati Province,Nepal**

**Invitation for Electronic Bids**

**First Date of publication: 2082/12/15(29 March 2026)**

1. The Jugal Rural Municipality Office ,Baramchi, Sindhupalchok invites electrinic bids from the Eligible Bidders for following works under NCB procedures.

| Contract Identification No | Describtion of Works | Estimated Amount (With VAT & PS) | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date ,Time | Bid Openeing Date, Time |
|---|---|---|---|---|---|---|
| JRM/NCB/ GOODS/01/082-83 | Supply & Delivey Of Petrol & Diesel Engine Minitillers & Millet Thresher | Rs. 30,25,000.00 | Rs. 80,000- | Rs.3,000 | 2083-01-15(28th may 2026) at 12:00 hrs | 2083-01-15(28th may 2026) at 13:00 hrs |

2. Intrested Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Jugal Rural Municipality or may visit PPMO website www.bolpatra.gov.np.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from www.bopatra.gov.np/egp Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account Name of the Bank: Kumari Bank Ltd Name of Office: Jugal Rural Municipality
Office Account no: ANTARIK RAJASWA KHATA for bid document fee) 2670247816200009
Dharauti Khata Number :for Bid secitity purpose 2670247816200004
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at on 2083-01-15(28th may 2026) at 13:00 hrs & Pre- bid Meeting is 2083-01-06(19 April2026) at 13:00 hrs at the office of Jugal Rural Municipality, Baramchi Sindhupalchok .
5. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security amount which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. 2670247816200004, Account Name: GA 3 DHARAUTI KHATA at Kumari Bank Ltd and submit the receipt of the deposited amount of cash along with the bids.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Employers reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
8. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendment) of GON
9. If there are any changes or correction in notice or on Bid document, the notice will be published in Jugal Rural Municipality notice board and in Official Website.

**Chief Administrative Officer**
**Jugal Rural Municipality**

सम्पादकीय

# एजेन्डा कार्यान्वयन आवश्यक


नयाँ सरकारको गठनसँगै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले १५ वटा पुराना ऐन खारेज तथा संशोधन गर्ने निर्णय गरेर नियामकीय जटिलता घटाउने प्रयास गर्नुभएको देखिन्छ । यसलाई निजी क्षेत्रले लामो समयदेखि माग गर्दै आएको थियो । तर नेपालमा समस्या 'कानुन धेरै हुनु' भन्दा 'कानुन कार्यान्वयन नहुनु' हो । यदि प्रशासनिक व्यवहार, निर्णय प्रक्रियाको ढिलासुस्ती र अनिश्चितता यथावत् रह्यो भने कानुनी सफाइले मात्र अपेक्षित परिणाम दिन सक्दैन । वर्तमान सन्दर्भमा डिजिटलाइजेसन, हरित ऊर्जा, पर्यटन, कृषि र डायस्पोरा लगानीलाई प्रमुखता दिइएको छ । यी सबै क्षेत्र दीर्घकालीन रूपमा अर्थतन्त्र रूपान्तरणका प्रमुख आधार हुन् तर यस्ता एजेन्डा नयाँ होइनन् । विगतका सरकारहरूले पनि यिनै प्राथमिकता दोहोऱ्याएका थिए । अब विगतको भन्दा फरक के हुन्छ भन्ने अपेक्षा छ । यसका निम्ति कार्यान्वयन, संस्थागत समन्वय, नीतिगत स्थायित्व आवश्यक छ । यदि यी तीन पक्षमा सुधार भएन भने 'सही नीति' पनि असफल हुन सक्छ ।

नेपाल राष्ट्र बैंकलगायतका निकायको तथ्यांकअनुसार यति बेलासम्म देशको बाह्य क्षेत्र बलियो देखिन्छ । विदेशी मुद्रा सञ्चिति उल्लेखनीय रहेको छ । शोधनान्तर बचत उच्च, रेमिट्यान्समा तीव्र वृद्धि छ । तर आन्तरिक अर्थतन्त्रमा गम्भीर कमजोरी देखिएका छन् । अझै पनि व्यापार घाटा झन् बढ्दो छ, उत्पादन र लगानी सुस्त छ, पुँजीगत खर्च र न्यून राजस्व संकलनले लक्ष्य भेट्टाउन सकेको छैन । ऋण दायित्व उच्च छ । यो असन्तुलन दीर्घकालीन रूपमा जोखिमपूर्ण छ । बाह्य स्थिरताले आन्तरिक कमजोरी लुकाउन सक्छ तर समाधान गर्न सक्दैन । राजस्व लक्ष्यको आधामात्र संकलन हुनु र खर्च उच्च रहनुले बजेट व्यवस्थापनमा असन्तुलन देखाउँछ । आठ महिनामा करिब १.७ खर्ब बजेट घाटा र बढ्दो सार्वजनिक ऋणले वित्तीय अनुशासनको आवश्यकता झन् स्पष्ट बनाएको छ । ऋणको आकार मात्र होइन, यसको उपयोग कति उत्पादक छ भन्ने प्रश्न अब केन्द्रमा आउनुपर्छ ।

त्यस्तै बैंकिङ प्रणालीमा तरलता पर्याप्त हुँदाहुँदै कर्जा विस्तार नहुनु अर्थतन्त्रमा 'माग संकट' को संकेत हो । पुँजीकोष अनुपात घट्दै जानु, खराब कर्जा बढ्नु र नाफा घट्नुले बैंकिङ प्रणाली दबाबमा रहेको देखाउँछ । यसले दुई कुरामा संकेत गर्छ । पहिलो– निजी क्षेत्र विस्तारको आत्मविश्वास कमजोर छ र दोस्रो– वित्तीय प्रणाली जोखिमतर्फ उन्मुख हुँदै छ भन्ने देखाउँछ । यदि यसलाई समयमै सम्बोधन गरिएन भने आर्थिक पुनरुत्थान ढिलो हुन सक्छ । नेपालको प्रशासनिक संरचना वर्षौंदेखि जड छ, जहाँ सुधार गर्न राजनीतिक इच्छाशक्ति मात्र होइन, निरन्तरता र संस्थागत क्षमता आवश्यक हुन्छ । यस्तो अवस्थाम अर्थमन्त्री र नयाँ सरकारका लागि अवसर एवं जोखिमको संगम हो । अर्थमन्त्रीसँग दुर्लभ अवसर छ । जस्तै– बलियो राजनीतिक जनादेश, अन्तर्राष्ट्रिय अनुभव, स्पष्ट सुधार एजेन्डा छन् । तथापि, जोखिम पनि उत्तिकै गहिरा छन् । उच्च व्यापार घाटा, कमजोर आन्तरिक माग, बाह्य झट्काको सम्भावना छ । विशेष गरी मध्यपूर्वमा उत्पन्न तनावले नेपालमा रेमिट्यान्स प्रवाह तथा इन्धनको मूल्यवृद्धिमा जोखिम उच्च छ ।

यसै गरी नेपाल सन् २०२६ मा अति कम विकसित मुलुकबाट स्तरोन्नति र २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्ने तयारीमा छ । यस्तो अवस्थामा अर्थमन्त्रीको भूमिका निर्णायक बन्नेछ । यस्तो अवस्थामा अर्थमन्त्री वाग्लेको क्षमता 'डेलिभरी'ले मापन गर्नेछ । यदि उनले सुधार र सुशासनलाई व्यवहारमा उतार्न सके भने यो 'क्रमभंगता' वास्तवमै परिवर्तनको प्रारम्भिक विन्दु बन्न सक्छ । नत्र, यो पनि विगतको जस्तै एउटा महत्वाकांक्षी तर अधुरो प्रयासमा सीमित हुने जोखिम कायमै रहनेछ ।

# स्वच्छ राजनीतिको अपेक्षा


केशव अधिकारी

विगत धेरै वर्षदेखिको राजनीतिक फोहोरले गर्दा राजनीति यति धेरै फोहोर, विकृत र अपाङ्ग भएको छ कि बयान गरेर साध्य छैन। राजनीतिको र पनि नजान्ने मान्छे जो अरु सबैतिरबाट असफल भएर कवाडीमा परिणत हुन पुग्छ, त्यसपछि ऊ राजनीतिको बलियो छहारीमा ओत लागेर दुई नम्बरी धन्दा गर्दै कमाउन थाल्छ अनि विगतमा बिग्रेको छविलाई बिस्तारै चम्काउन थाल्छ। धनको आडमा छवि चम्काउने काम गरेपछिका दिनमा ऊ बलियो र भरिसक्य राजनेताको उपाधिले विभूषित हुन्छ। उसले पनि कोठामा कार्ल मार्क्स, एन्गेल्स, विश्वेश्वर कोइरालाहरूमध्येका कसैको फोटो भित्तामा टाँगेर सोही हतियारको आडमा दुनियाँ ठग्न थाल्छ। राजनीतिको बलियो आधार पाएपछि उसलाई निरङ्कुश बन्न कुनै साइत पर्खनुपर्दैन। त्यति बेला उसको राजनीतिक लक्ष्य पूरा भएको ठानेको हुन्छ। ऊभित्रको मले यति धेरै अहङ्कार बोकेको हुन्छ कि बयान गरेर साध्य लाग्दैन। २०८२ फागुन २१ को चुनावअगाडिका दिनसम्म कम्युनिस्ट पार्टीका एकजना नेता भन्दै थिए- 'हाम्रो राजनीतिक दलले गरेको निर्णयलाई कसले छानबिन गर्ने आँट गर्न सक्छ ? हामीले जे निर्णय गर्छौं, सोहीअनुसार हुन्छ।' यसरी राणा प्रधानमन्त्री जंगबहादुरको शैलीमा बोलेको सुनिदै थियो तर चुनावपछाडिका दिनमा पराजित भएर भिजेको मुसोजस्ता देखिने ती नेताको हालत हेर्नलायकको भएको छ।

विगतका सयौँ वर्षदेखि निरन्तररुपमा स्थापित भएर चल्दै आएको राजसंस्थाको समूल अन्त्य भएपछिका दिनमा सबैजसो र तिनमा पनि ठूला मानिएका राजनीतिक दलका शीर्ष नेताभन्दा माथि त भगवान् पनि छैन होला भन्नेजस्तो सोचाइ आम जनताको मानसमा पर्न थालेको थियो। उनीहरू देश र जनतालाई माया गर्ने त एक थोपो पनि होइन, बरु कसरी दुहेर खान पाइन्छ ? भन्ने कमाउ मानसिकताको सिकार भएका हुनाले राजनीतिक दलभित्र जति मात्रामा फोहोरको थुप्रो लागोस्, त्यसलाई सफा गरेर आफ्नो राजनीतिक दललाई फोहोरमुक्त बनाउने प्रयासमा कति पनि लाग्न सकेनन्। हरेक नेताका कोठामा कार्ल मार्क्सले लेखेका, विश्वेश्वरप्रसाद कोइरालाले लेखेका किताब सजाएर राखेका देखिन्थे तर तिनलाई अध्ययन गरेर तिनबाट केही पाठ सिक्ने कुरा भनेका परका कुरा थिए। उनीहरूको रातदिनको मानसिक सोचाइ भनेको पैसा कसरी कमाउने र सोही पैसाको आडमा आफूमा भएको प्रभुत्व कसरी कायम राख्ने ? भन्ने नै थियो। यिनै सिलसिला पूरा गर्नको लागि उनीहरूले विगतमा खोलिएका छालाजुत्ता कारखाना, भृकुटी कागज कारखानाजस्ता उद्योगहरू कौडीका भाउमा बेची कालो धन खाएर मोटाउन थालेका हुन्। कोही पनि विदेशीले पैसा दिने सर्तमा देशलाई घात गर्ने जस्तासुकै कर्म गर्न भए पनि यिनीहरू उद्यत भएका हुन्थे। नेपालको राजनीतिक वृक्षको छहारीमा सामेल भएका कसैले पनि त्यो राजनीतिको फोहोरलाई हटाउने आँट र सफल प्रयास गर्नै सकेन र गर्न सक्ने अवस्था पनि थिएन। यदि कसैले त्यो कुरो उठायो भने उसलाई सिध्याउन पनि बेर लाग्दैनथ्यो। जनप्रिय नेता कमरेड मदन भण्डारी र कमरेड जीवराज आश्रितको अवसान पनि सोही कारणले गर्दा रहस्यमय तरिकाले भएको थियो भन्ने कुरा आम नेपाली जनताले भर्खर बुझ्दै छन्। राजनीतिभित्रको फोहोर सफा गरेको खण्डमा विगतमा आफूले गरेका काला कर्तुत देखा पर्ने मात्र होइन कि छताछुल्ल नै होलान् कि भन्ने भयका कारण कुनै पनि पुराना राजनीतिक दलका कुनै पनि नेताले राजनीतिलाई स्वच्छ बनाउने प्रयासमा लागेको कहिल्यै पाइएन। त्यही राजनीतिक फोहोर यति धेरै भयो कि अब त्यसलाई चाँडो सफा नगरेको खण्डमा हामी नेपालीलाई मात्र होइन कि छिमेकीलाई समेत खराब असर गर्नेवाला थियो। यसै परिवेशलाई उल्टाउनको लागि र राजनीतिलाई जति सक्दो स्वच्छ बनाउनको लागि त्यति धेरैले बलिदानी दिएरै भए पनि जेन्जी पुस्ताले आन्दोलन गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना हुन पुग्यो। यसै आन्दोलनको आड र सबैको अनुरोधको आधारमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भएर तोकिएको मितिमै शान्तिपूर्ण वातावरणमा चुनाव सम्पन्न भयो। यस चुनावमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले झन्डै दुई तिहाइ बहुमतले वजय हासिल गरी शायद नेपालको इतिहासमै सबैभन्दा शक्तिशाली सरकार युवानेता बालेन्द्र साहको नेतृत्वमा बनेको छ।

रास्वपाको निर्वाचित सरकारको कार्यशैली आम जनताले थाहा पाउने गरी वा पारदर्शी हुन जरुरी छ। जहाँ गरिने जुनसुकै काम होस्, सबैले देखेर वा पारदर्शी बनाएर गरिन्छ भने त्यो स्वच्छ हुन्छ र त्यसले सबैलाई फाइदै गर्छ। तर लुकाएर वा आम जनताले थाहा पाउलान् कि भनेर पापी सोचाइबाट गरिन्छ भने त्यही बेलादेखि रास्वपाभित्र पनि क्रमशः राजनीतिक फोहोर थुप्रिन शुरु हुन्छ। उक्त राजनीतिक दलका शीर्ष नेताका दैनिक क्रियाकलापका आधारमा, देश र जनताप्रतिको उनीहरूको सोचाइका आधारमा फोहोर थुप्रिने कि स्वच्छ हुँदै जाने भन्ने कुराको निर्धारण हुने गर्दछ। उनीहरूले गरेका पापकर्मलाई गुपचुप नै राख्न खोजे भने फोहोर थुप्रिन थालेको कुरा सङ्केत गर्दछ। फोहोर भनेको अँध्यारो पक्ष हो। पापकर्म गर्ने मान्छेले जहिले पनि अँध्यारो रात पर्खेर सोही रातको समयमा गर्ने गर्दछ। कुनै पनि राजनीतिक दल भन्नुको अर्थ धेरैजना सदस्यहरू रहेको एउटा परिवार हो। परिवारका ज्येष्ठ सदस्यले अराएको सही काम, दिएको निर्देशन सबैले पालना गर्नुपर्ने भए पनि आफ्नै अहङ्कार र व्यक्तिगत स्वार्थमा रमाउने सदस्यले निर्देश र सल्लाह दुवै नमान्न वा उल्लङ्घन गर्न पनि सक्छ। यस्तो अवस्थामा उक्त सदस्यलाई सख्त कार्यवाही गर्ने हो भने त्यसपछिका दिनमा अरु कुनै पनि सदस्यले त्यस्तो हर्कत गर्ने प्रयास गर्नेछैन।

विगतको त्यो समय, जुन समयमा तत्कालीन नेकपा माओवादीका नेता (अध्यक्ष) पुष्पकमल दाहाल (प्रचण्ड) को नेतृत्वमा बनेको सरकारले आफ्नो राजनीतिक क्रियाकलापलाई पारदर्शीरुपमा भित्रै मनदेखि स्वच्छ प्रयास गरेको हुन्थ्यो भने त्यो सरकार अवश्य सफल हुन्थ्यो। त्यति मात्रै होइन कि केही महिनाअगाडि भएको जेन्जी आन्दोलनको कुनै चिनारी हुने थिएन। शायद हालसम्म पनि उहाँकै नेतृत्वमा बनेको सरकार कायम भई देश कायापलट हुने अवस्था आउने थियो। तर तत्कालीन माओवादी पनि विदेशी इशारामा चल्दा उसका काम अँध्यारैमा गर्नुपर्ने खालका भए। जसले गर्दा त्यो सरकार दिगो हुन सकेन।

आज बनेको बालेन्द्र साह नेतृत्वको सरकारसँग करोड जनताको विश्वास रहेको छ। यो सरकारले आम जनताको भावना र चाहनाअनुसारको शासन गर्न सक्षम हुनेमा हामी आश्वस्त छौं। साथै आम नेपालीलाई सुख-शान्तिसँग बाँच्न अनि आफूले सकेका सुकर्म गरेर खान सक्ने वातावरण सिर्जना गर्नेछ भन्ने आशा छ। विदेशीको मुख नताकेर आफ्नै देशमा भएका साधन-स्रोतको अधिकतम उपयोग गर्दै देशलाई उन्नतिको शिखरतिर लैजानेछ भन्ने विश्वास रहेको छ। यदि सरकारले भित्री मनदेखि चाहेर गरेको खण्डमा नेपाली जनताको सोचाइअनुसारको उन्नति भएर जान सक्ने अवस्था बनाउन सक्छ। यावत विषयमा सक्षम हुनका लागि शासनको नेतृत्व लिने राजनीतिक दलभित्रका आम सदस्यहरूको मानस स्वच्छ र निर्मल हुन जरुरी छ।

तर यहाँ चुनावमा लागेको खर्च मन्त्री भएर उठाउनुपरेको छ, या त सांसद बनेर अनियमित कामबाट कमाएको पैसाले उठाउनुपरेको छ। काठमाडौँको मुटु भागमा रहेको जमिन नकिनेर भएकै छैन। फलानाको जतिको दरबार बनाएर फलानाको सेखी झार्नु छ। हो, यस्ता र यही प्रकारका सोचाइ बोकी रास्वपाबाट निर्वाचित भएर आएका अनुहारहरू होलान् भन्न सकिन्न। तिनले पार्टी सभापति वा प्रधानमन्त्रीको आदेश वा सल्लाहलाई अक्षरशः पालना गर्लान् त ? यसमा नेतृत्व तहले ध्यान पुऱ्याउनै पर्छ। अबका दिनमा यस्तो मानसिकतालाई निरुत्साहित गरेर निर्लोभी बनाउँदै देशको उन्नतिमा समर्पित हुन सक्ने मानसिकता कसरी विकास गराउन सकिन्छ भन्ने कुरामा राजनीतिक दल सचेत हुन जरुरी छ।

अर्को महत्वपूर्ण विषय के छ भने, विगतका राजनीतिक खेलाडीका रुपमा कहलिएका, पुराना भनिएका राजनीतिक दलका नेता, जो चुनावमा पराजित भई निन्याउरो भएका छन्, उनीहरूले पनि बालेन नेतृत्वको सरकारसँग सहकार्य गर्ने प्रतिबद्धता जाहेर गर्दै गरेको कुरा नेपथ्यमा बसेका जनताले नियालिरहेको परिवेश छ। उनीहरूसँग सहकार्य गर्नु, भरसक सबैलाई समेटेर राजनीतिको मूल प्रवाहमा ल्याउन सक्नु राजनीतिका वर्तमान चतुर खेलाडीको कर्तव्य हुन्छ। तर चुनावमा पराजित भएको असह्य पीडालाई भोग्दै गरेका पुराना नेताले कत्रो महान् लक्ष्य बोकेर सत्तारोहण गरेको राजनीतिक दललाई विगतको जसरी नै रसातलतिर धकेल्ने काम हुन थाल्यो भने आम नेपाली जनताको विश्वास कहाँनेर गएर अडिएला ? यो विषय विचरणीय छ। सरकार यतिसम्म चतुर तथा दूरदृष्टिको हुनुपर्छ कि कम्तीमा अबको पाँच वर्षपछि यो अवस्था आउनेछ र त्यसको सामना गर्न यो तरिकाले पाइला चाल्नुपर्छ भन्ने कुरामा सचेत रहन जरुरी छ। यसो भन्दै गर्दा पुराना र पराजित मानसिकताका राजनीतिक दलसँग शत्रुताको व्यवहार किमार्थ गर्नुहुँदैन। सरकारले सारा काम निःस्वार्थ, पारदर्शी र सकारात्मक सोचका साथ गर्दै छ भन्ने विश्वास आम जनतामा दिन सक्नुपर्छ। यसै तरिका र कर्मलाई राजनीतिक स्वच्छता भनिन्छ। राजनीतिक स्वच्छताबेगरको शासन ढिलो-चाँडो पतनतिरको बाटोमा लाग्ने भएकाले वर्तमान सरकार स्वच्छ र पारदर्शी हुन जरुरी छ।

"पुराना र पराजित मानसिकताका राजनीतिक दलसँग शत्रुताको व्यवहार किमार्थ गर्नुहुँदैन। सरकारले सारा काम निःस्वार्थ, पारदर्शी र सकारात्मक सोचका साथ गर्दै छ भन्ने विश्वास आम जनतामा दिन सक्नुपर्छ। यसै तरिका र कर्मलाई राजनीतिक स्वच्छता भनिन्छ। राजनीतिक स्वच्छताबेगरको शासन ढिलो-चाँडो पतनतिरको बाटोमा लाग्ने भएकाले वर्तमान सरकार स्वच्छ र पारदर्शी हुन जरुरी छ।"

# गण्डकीमा क्षयरोगका १३९० बिरामीको मृत्यु


विजय नेपाली

**पोखरा।** गण्डकी प्रदेशमा एक वर्षमा क्षयरोगबाट १ हजार ३ सय ९० बिरामीको मृत्यु भएको छ। नेपाललाई सन् २०५० सम्म क्षयरोगमुक्त बनाउने लक्ष्यका साथ लागिरहेको अवस्थामा गण्डकी प्रदेश सरकारले क्षयरोग खोजपडताल अभियान जारी गर्दा गतवर्ष २ हजार ८ सय १ क्षयरोगी पुष्टि भए। क्षयरोग निर्मूल पार्ने गण्डकी सरकारको योजना अघि बढिरहँदा गतवर्ष ५ हजार ५ सय ४ नयाँ बिरामी भेटिएका थिए।

यस्तै चालू आर्थिक वर्षको ८ महिनामा गण्डकी प्रदेशमा १ हजार ४ सय ५३ जना क्षयरोगका बिरामी भेटिएका छन्। क्षयरोगका बिरामी खोजी उपचारमा लागेको गण्डकी प्रदेश सरकारले एआई एक्सरे मेसिनको सहायताले गाउँ-गाउँसम्म पुगेर बिरामी खोजिरहेको गण्डकी प्रदेशका स्वास्थ्यमन्त्री कृष्ण पाठक बताउनुहुन्छ।

नेपालको प्रमुख जनस्वास्थ्य समस्याका रूपमा रहेको क्षयरोगको पहिचान गरी निदान गर्ने र जनचेतना फैलाउने लक्ष्यका विभिन्न कार्यक्रम गरिँदै आएको छ। विश्व स्वास्थ्य संगठनका अनुसार सन् २०२४ मा नेपालमा ६७ हजार नयाँ क्षयरोगका बिरामी फेला परेका छन्। देशभरका ६ हजार २ सय ४१ स्वास्थ्य संस्थामा क्षयरोगको उपचार हुन्छ भने ७ सय ८५ संस्थामा तोकिएको माइक्रोस्कोपी सेवा र १ सय ४२ संस्थामा द्रुत परीक्षण सेवा निःशुल्क उपलब्ध छ।

गण्डकी प्रदेशमा ८ सय २९ डट्स केन्द्रहरू, ३ वटा औषधि प्रतिरोधी क्षयरोग उपचार केन्द्र, १ वटा क्षयरोग र प्रेषण व्यवस्थापन केन्द्र, ११ वटा उपकेन्द्रहरू, १ सय १ वटा माइक्रोस्कोपी निदान केन्द्र, १० वटा जिन एक्सपर्ट केन्द्र र ३ वटा एक्सपर्ट एक्सडिआर केन्द्रहरू रहेका छन्। गण्डकी प्रदेशमा पछिल्लो तीन वर्षको तथ्यांक हेर्दा बिरामी बढ्दो क्रममा देखिएको छ। २०८० सालमा २ हजार ७ सय ६५ बिरामी फेला पर्दा २०८१ सालमा २ हजार ८ सय १ बिरामी भेटिए। चालू आर्थिक वर्षको ८ महिनासम्म १ हजार ४ सय ५३ भेटिएको प्रादेशिक रोग नियन्त्रण कार्यालय गण्डकीका कार्यक्रम अधिकृत सन्तोष पौडेलले जानकारी दिनुभयो।

उहाँले अझै पनि समाजमा क्षयरोगीलाई हेर्ने दृष्टिकोण नकारात्मक रहेको र क्षयरोग निको हुन्छ भन्ने बारेमा धेरैलाई ज्ञान नरहेको बताउनुभयो। अबका दिनमा नागरिकलाई क्षयरोगको उपचार सम्भव रहेको बुझाउन सकेमा यसको अन्त्य गर्न सकिने उहाँको भनाइ छ।


'क्षयरोग निको गर्नका लागि ६ महिना नियमित औषधि खाए हुन्छ, जुन कुरा नागरिकलाई बुझाउन सकिएको छैन। क्षयरोगको किटाणु हरेक मानिसमा छ तर यो रोग प्रतिरोधी क्षमता भएकाहरूलाई लाग्दैन, जो कमजोर छ उनीहरूमा लाग्ने सम्भावना धेरै रहन्छ।' उहाँले भन्नुभयो, 'हामीले यसबारेमा सचेतना फैलाउन अत्यावश्यक छ।'

"'क्षयरोग निको गर्नका लागि ६ महिना नियमित औषधि खाए हुन्छ, जुन कुरा नागरिकलाई बुझाउन सकिएको छैन। क्षयरोगको किटाणु हरेक मानिसमा छ तर यो रोग प्रतिरोधी क्षमता भएकाहरूलाई लाग्दैन, जो कमजोर छ उनीहरूमा लाग्ने सम्भावना धेरै रहन्छ।'"

विश्व स्वास्थ्य संगठनका अनुसार हरेक वर्ष संसारभर ८० लाख नयाँ क्षयरोगी थपिन्छन्। क्षयरोगबारे अझै समाजमा जनचेतना फैलाउनुपर्ने र ६ महिना औषधि खाएमा निको हुने स्वास्थ्यकर्मीहरू बताउँछन्।

गण्डकी प्रदेश सरकारले अहिले एआई एक्सरेमार्फत क्षयरोग पत्ता लगाइरहेको छ। उक्त प्रविधिले अन्य प्रविधिले पत्ता लगाउन नसकेको अवस्थामा समेत पत्ता लगाएका कारण यसको प्रभावकारिता निकै रहेको देखिन्छ। गण्डकीमा २ वटामात्रै एआई एक्सरे रहेको छ।

# राइनासकोटको गुराँसतर्फ पर्यटक-मोह


खुशीमाया गुरुङ

**लमजुङ।** लमजुङको ऐतिहासिक तथा पर्यटकीय स्थल राइनासकोट क्षेत्रमा लालीगुराँस फुल्न थालेसँगै आन्तरिक पर्यटकको आकर्षण उल्लेख्य रुपमा बढ्न थालेको छ। वनपाखाभरि ढकमक्क फुलेका गुराँसले डाँडाकाँडा राताम्य बनेपछि घुम्न आउने पर्यटकहरूको भीड बढेको हो।

विशेष गरी बिदाका दिन सयौँको सङ्ख्यामा आन्तरिक पर्यटक राइनासकोट पुग्ने गरेका छन्। सदरमुकाम बेसीशहरसहित लमजुङ र छिमेकी जिल्ला तनहुँका विभिन्न स्थानबाट घुम्न जानेहरूको चहलपहल बढेको स्थानीयले बताएका छन्।

लालीगुराँसको मौसम शुरु भएसँगै राइनासकोट मात्र नभई बेसीशहरको गाउँशहर हुँदै पुरानाकोट गढी, घलेगाउँ, भुजुङ, पसगाउँलगायतका क्षेत्रका जंगल पनि गुराँसले ढकमक्क भएका छन्। यसले गर्दा प्राकृतिक सौन्दर्य अवलोकन, सूर्योदय तथा हिमाल हेर्न आउने पर्यटकहरूको सङ्ख्या दिनप्रतिदिन बढ्दै गएको छ।

गुराँस फुल्ने सिजन शुरु भएसँगै सम्बन्धित क्षेत्रका होमस्टेहरूमा पनि आन्तरिक पर्यटकको चहलपहल बढ्न थालेको पर्यटन व्यवसायीहरूले बताएका छन्। उत्तरी लमजुङका पर्यटकीय गाउँहरूमा पनि यस मौसममा पर्यटक पुग्ने क्रम बढ्दो छ।

हाल जिल्लाका विभिन्न गाउँहरूमा दर्जनभन्दा बढी होमस्टे सञ्चालनमा छन्। उत्कृष्ट गाउँ तथा मौसमी प्राकृतिक सम्पदालाई व्यवस्थित रुपमा प्रवर्द्धन गर्न सके पर्यटन व्यवसायबाटै जिल्लाका धेरै बासिन्दाले रोजगारी तथा आयआर्जन गर्न सक्ने सरोकारवालाहरूको भनाइ छ।



## पठाउने होइन त चिठी ?

कामना न्यूज पब्लिकेसन्सका प्रकाशनहरू *नेपाल समाचारपत्र* र अनलाइन प्रकाशन newsofnepal.com ले आफ्ना डिजाइन परिवर्तन गर्नुका साथै जेन जीलगायत विभिन्न नयाँ स्तम्भहरू पनि शुरु गरेको छ।

मुख्यतः स्कुल, कलेज जाने उमेरका किशोरकिशोरीहरू लक्षित सामग्रीहरू पस्किने सन्दर्भमा उनीहरूले भोगेका समस्या तथा भावनालाई उनीहरूकै कलममार्फत उजागर गर्न हाम्रो नियमित स्तम्भ **'सम्पादकलाई चिठी'** मा समेत स्थान दिन थालिएको छ। आफ्ना स्कुल, कलेजको व्यवस्थापन वा शिक्षक वा अभिभावकलाई प्रत्यक्षरुपमा भन्न नसकिएका कुरा एवं सुझावहरू यस स्तम्भमा लेखेर पठाउन सकिनेछ। साथै शिक्षक वा अभिभावकहरूले पनि आफ्ना विद्यार्थी वा छोराछोरीलाई सामूहिकरुपमा भन्न चाहेका कुरा लेखेर पठाउनुभएमा यस स्तम्भमार्फत प्रकाशन गर्न सकिनेछ।

अन्य विविध विषयका सटिक लेख-रचनालाई पनि स्थान दिई क्रमशः प्रकाशन गरिने भएकाले आफ्ना सृजनात्मक सामग्रीहरू तलको ठेगानामा पठाउन आग्रह गरिन्छ।

**सामग्रीहरू पठाउने ठेगाना:**
samacharpatrac@gmail.com
- सम्पादक

## पूर्वप्रधानमन्त्री...

कतिपय स्थानमा प्रहरीले हस्तक्षेप गर्दा झडपसमेत भएको थियो। ललितपुर, भक्तपुर, पोखरा, विराटनगर, नेपालगञ्ज, धनगढीलगायतका सहरहरूमा पनि एमाले समर्थकहरूले जुलुस निकाल्दै ओलीको तत्काल रिहाइको माग गरेका थिए। प्रदर्शनकारीहरूले 'राजनीतिक प्रतिशोध बन्द गर', 'लोकतन्त्रको हत्या स्वीकार्य छैन' जस्ता नाराहरू लगाएका थिए।

एमाले निकट युवा संघ, अनेरास्ववियु, महिला संघलगायतका जनसंगठनहरू आन्दोलनको अग्रपंक्तिमा देखिएका थिए। कतिपय स्थानमा टायर बाल्ने, सडक अवरुद्ध गर्ने प्रयाससमेत भएको थियो, जसले जनजीवन प्रभावित भएको थियो।

एमाले नेतृत्वले ओलीको पक्राउलाई स्पष्ट रूपमा 'राजनीतिक प्रतिशोध'को संज्ञा दिएको छ। पार्टी महासचिव शंकर पोखरेलले सचिवालय बैठकपछि तत्काल रिहाइको माग गर्दै यस्तो कदमले लोकतान्त्रिक मूल्य र कानुनी शासनको मर्ममाथि प्रहार गरेको बताउनुभएको छ।

पार्टी सचिव महेश बस्नेतले कानुनी र राजनीतिक दुवै मोर्चाबाट सशक्त प्रतिवाद गरिने चेतावनी दिनुभएको छ। उहाँकाअनुसार आन्दोलनलाई चरणबद्ध रूपमा विस्तार गर्दै आम जनसमुदाय र नागरिक समाजको समर्थनसमेत जुटाइने छ।

एमालेले पूर्वगृहमन्त्री रमेश लेखकको पक्राउप्रति पनि आपत्ति जनाउँदै दुवै घटनालाई लोकतान्त्रिक मूल्यविपरीत भएको ठहर गरेको छ।

एमालेको आन्दोलन घोषणासँगै सरकारमाथि राजनीतिक दबाब तीव्र रूपमा बढ्न थालेको छ। सरकारको निर्णयलाई लिएर अन्य राजनीतिक दलहरूले पनि प्रश्न उठाउन थालेका छन्। नेपाली कांग्रेसको देउवा समूहले शनिवार साँझ विज्ञप्ति जारी गर्दै ओली लेखक पक्राउको कडा शब्दमा निन्दा र भर्त्सनाका गर्दै यसको कानुनी र राजनीतिक रूपमा सशक्त प्रतिवाद गरिने स्पष्ट पारेको छ। कांग्रेस निकट अन्य केही संगठनहरूले पनि विरोध जनाएका छन्।

राजनीतिक विश्लेषकहरूका अनुसार ओलीजस्तो प्रभावशाली नेताको पक्राउले केवल कानुनी बहस मात्र होइन, शक्ति सन्तुलनको प्रश्न पनि उठाएको छ। यसले सत्ता-प्रतिपक्षबीचको दूरी अझ बढाउने र गठबन्धन राजनीतिमा नयाँ समीकरणको सम्भावना समेत खोल्ने देखिन्छ।

एमालेले गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगप्रति सुरुदेखि नै असहमति जनाउँदै आएको छ। पार्टीले उक्त आयोगको प्रतिवेदनलाई पूर्वाग्रही, प्रतिशोधपूर्ण र न्यायिक सिद्धान्तविपरीत भएको दाबी गरेको छ।

यसै सन्दर्भमा एमालेले भदौ २३ र २४ गतेका घटनाबारे सर्वोच्च अदालतका बहालवाला न्यायाधीशको नेतृत्वमा उच्चस्तरीय छानबिन समिति गठन गर्न माग गरेको छ। निष्पक्ष र स्वतन्त्र छानबिनबिना सत्य बाहिर नआउने पार्टीको धारणा छ।

पक्राउपछि ओलीलाई स्वास्थ्य परीक्षणका लागि महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालमा राखिएको छ। चिकित्सकहरूको निगरानीमा उहाँको स्वास्थ्य अवस्थाको परीक्षण भइरहेको छ। कानुनी प्रक्रियाअनुसार अनुसन्धान अघि बढाइने सरकार पक्षको भनाइ छ, तर एमालेले भने यसलाई पूर्णत: राजनीतिक प्रतिशोधका रूपमा व्याख्या गर्दै आएको छ।

**मुलुक द्वन्द्वतर्फ**

एमालेको देशव्यापी आन्दोलन घोषणासँगै मुलुक अस्थिरतातर्फ धकेलिने संकेत देखिएको छ। सडक आन्दोलन चर्किंदै जाँदा सुरक्षा चुनौती बढ्ने र जनजीवन प्रभावित हुने सम्भावना विश्लेषकहरूले औंल्याएका छन्।

राजनीतिक वृत्तमा यो घटनालाई आगामी शक्ति सन्तुलनको महत्वपूर्ण मोडका रूपमा हेरिएको छ। यदि आन्दोलन थप उग्र बन्दै गयो भने सत्ता र प्रतिपक्षबीचको टकराब गहिरिने र राजनीतिक ध्रुवीकरण बढ्ने स्पष्ट संकेत देखिन्छ।

ओली पक्राउ प्रकरणमा आमनागरिक र नागरिक समाजको प्रतिक्रिया मिश्रित देखिएको छ। केहीले कानुनी प्रक्रियाअनुसार अघि बढ्नुपर्ने र कोही पनि कानुनभन्दा माथि नहुने धारणा राखेका छन्। अर्कोतर्फ, केहीले यसलाई राजनीतिक प्रतिशोधको रूपमा व्याख्या गर्दै निष्पक्ष छानबिनको माग गरेका छन्।

समग्रमा, ओलीको पक्राउ प्रकरणले नेपालको समकालीन राजनीतिमा नयाँ बहस, तनाब र ध्रुवीकरण सिर्जना गरेको छ। एमालेले आक्रामक आन्दोलनको संकेत दिइसकेको अवस्थामा सरकारको आगामी कदम, अदालतको भूमिका र अन्य राजनीतिक दलहरूको धारणा निर्णायक बन्ने देखिन्छ।

आगामी दिनमा आन्दोलन कत्तिको विस्तार हुन्छ, सरकार कत्तिको लचकता देखाउँछ र कानुनी प्रक्रियाले कस्तो मोड लिन्छ भन्ने विषयले नेपालको राजनीतिक दिशा निर्धारण गर्नेछ। अहिलेका लागि भने देश राजनीतिक रूपमा संवेदनशील मोडमा उभिएको स्पष्ट देखिन्छ।

# ११औं राष्ट्रिय रक्तदाता दिवस तथा सम्मान कार्यक्रम सम्पन्न

**नेपाल समाचारपत्र, काठमाडौं**

ब्लड डोनर्स एसोसिएसन नेपाल (ब्लोदान) को आयोजनामा ११औं राष्ट्रिय रक्तदाता दिवस तथा सम्मान कार्यक्रम शनिवार काठमाडौंको नेपा: ब्याङ्क्वेटमा सम्पन्न भएको छ।



प्रमुख अतिथि ब्लोदानका संरक्षक तथा नेपाल मिडिया एलायन्सका अध्यक्ष भाष्करराज राजकर्णिकारले पानसमा दीप प्रज्वलन गरी उद्घाटन गर्नुभएको थियो। सो कार्यक्रममा आफ्नो मन्तव्य राख्नुहुँदै ब्लोदानले स्वयंसेवी रूपमा गर्दै आएको कामप्रति सन्तोष व्यक्त गर्दै सबैको साथ र सहयोगको जरुरी रहेको जोड दिनुभयो।

कार्यक्रममा वरिष्ठ सल्लाहकार तथा सल्लाहकार समितिका संयोजक सूर्यकुमारी श्रेष्ठ, नेपाल रेडक्रस सोसाइटीका महामन्त्री मीनबहादुर मल्ल, ब्लड डोनर्स अफ अमेरिका (बीडीए) का अध्यक्ष महेश्वर पन्तलगायत विभिन्न वक्ताहरूले स्वयंसेवी रक्तदान अभियानलाई मानव सेवाको उत्कृष्ट कार्यको रूपमा व्याख्या गर्दै यस अभियानलाई अझ व्यापक बनाउनुपर्नेमा जोड दिँदै ब्लोदानले विगत ३ दशकभन्दा अगाडिदेखि यस क्षेत्रमा गर्दै आएको काम तथा पुऱ्याउँदै आएको सेवाको प्रशंसा गर्नुभएको थियो।

सो कार्यक्रममा गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा भक्तपुर क्षेत्र नं. १ बाट निर्वाचित हुनुभएका ब्लोदानका केन्द्रीय सदस्य रुकेस रन्जितलाई सम्मानित गरिएको थियो। सम्मानपत्र ग्रहण गर्नु हुँदै उहाँले स्वयंसेवी रक्तदानसम्बन्धी नीति तथा कानुन निर्माणमा आफूले प्राथमिकताका साथ पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

सोही कार्यक्रममा ब्लोदानका पूर्वअध्यक्ष स्व. महेन्द्र बिलास जोशीलाई ब्लोदानको हित तथा प्रगतिमा उहाँले पुऱ्याउनुभएको योगदानको कदर गर्दै मरणोपरान्त सम्मान प्रदान गरिएको थियो। साथै ब्लोदानको आह्वानमा रक्तदान कार्यक्रम आयोजना गर्ने विभिन्न संघसंस्थालाई सम्मान गरिएको थियो।

कार्यक्रमका सभापति तथा केन्द्रीय अध्यक्ष राजेश श्रेष्ठले ब्लोदानले स्थापना कालदेखि नै स्वयंसेवी रक्तदान अभियानमा निरन्तर कार्य गर्दै आइरहेको भए तापनि अझ धेरै कामहरू गर्न बाँकी रहेको बताउनुभयो। रगतको मागअनुसार आपूर्ति हुन नसकिरहेको आजको दिनमा रगतको प्रयोगबारे अनुगमन गर्नुपर्ने र हरेक रक्तसञ्चार सेवामा डिजिटल बोर्डमार्फत सर्वसाधारणलाई जानकारी गराउनुपर्ने बताउनुभयो।

ब्लोदानले आगामी दिनमा रक्तदान अभियानलाई देशव्यापी रूपमा विस्तार गर्दै रक्त अभाव हुन नदिने प्रतिबद्धता व्यक्त गरेको छ।

ब्लोदानका अध्यक्ष राजेश श्रेष्ठको सभापतित्व तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरू, स्वयंसेवी रक्तदाताहरूको उपस्थितिमा सम्पन्न सो कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका महामन्त्री मीनबहादुर मल्ल, ब्लड डोनर्स अफ अमेरिका (बीडीए) का अध्यक्ष महेश्वर पन्त विशेष अतिथि तथा ब्लोदानका संस्थापक, सल्लाहकार समितिका संयोजक एवं नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यसमितिका सदस्य सूर्यकुमारी श्रेष्ठ, ब्लोदानका संस्थापक तथा पूर्वमहासचिव भूषणलाल श्रेष्ठ, इन्टरनेसनल नेपालिज ब्लड डोनर्स एसोसिएसनका केन्द्रीय उपाध्यक्ष डा. मनिता राजकर्णिकार, ब्लोदानका निवर्तमान अध्यक्ष ई. सानुबाबु प्रजापति, परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल रक्तसञ्चार सेवाका प्रमुख परशुराम दाहाल, ब्लोदानका वरिष्ठ सल्लाहकार, सल्लाहकार तथा ब्लोदान जिल्ला शाखाका अध्यक्षहरू अतिथिको रूपमा उपस्थिति रहेको थियो।

ब्लोदानका महासचिव मचाकाजी महर्जनले सञ्चालन गर्नुभएको सो कार्यक्रममा केन्द्रीय उपाध्यक्ष उज्वल केसीले स्वागत मन्तव्य राख्नुभएको थियो।

## मन्त्रीले...

प्रस्तावमा पाँच सय जनासम्म विद्यार्थी भएका विद्यालयहरूले कम्तीमा दश प्रतिशत, पाँचसयदेखि आठ सय जनासम्म विद्यार्थी भएका विद्यालयहरूले कम्तीमा बाह्र प्रतिशत र आठ सय जनाभन्दा बढी विद्यार्थी संख्या विद्यालयहरूले कम्तीमा १५ प्रतिशत गर्नुपर्ने प्रस्ताव पेस गर्ने तयारी गरेको थियो।

त्यसै गरी शिक्षा नियमावली २०५९ को परिच्छेद २६ को दफा १५१ को उपदफा (२) मा संस्थागत विद्यालयहरूले कुल विद्यार्थी संख्याको कम्तीमा १० प्रतिशत नघटाई गरिब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ भन्ने व्यवस्था रहेको छ। तसर्थ माथि उल्लिखित कानुनी प्रबन्धको कार्यान्वयन तथा कढाइका साथ अनुगमनका लागि ७५३ वटै स्थानीय तहहरूलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत पत्राचार गर्न मनासिबदेखि निर्णयार्थ पेस गर्दछु भनिएको छ।

## पहिलो...

सामुदायिक विद्यालयलाई प्रविधिमैत्री बनाएपछि मात्र शिक्षामा सुधार हुन सक्छ। निजी विद्यालयलाई गाली गरेर शिक्षामा किमार्थ सुधार हुँदैन। शिक्षकलाई समयअनुसारको तालिमको व्यवस्था गर्नुपर्छ। डिजिटल पुस्तकालय, ई-लर्निङ प्रणालीको विकासले मात्रै नेपालको शिक्षामा सुधार हुन सक्छ। निजी विद्यालयलाई गाली गर्नुभन्दा पनि सामुदायिक विद्यालयमा यथेष्ट बजेट व्यवस्था गरेर शिक्षामा सुधार गर्नुपर्छ। सरकारी विद्यालय र क्याम्पसमा गुणस्तरीय शिक्षाको प्रत्याभूति दिन शिक्षामन्त्रीले उच्च ओहोदामा पुगेका कर्मचारी र सरकारी विद्यालयमा पढाउने शिक्षकका छोराछोरीलाई अनिवार्य रूपमा सरकारी शिक्षालयमा पढाउनैपर्ने बाध्यकारी व्यवस्था गर्नुपर्छ। अनिवार्य छ।

संविधानले अनिवार्य र नि:शुल्क शिक्षाको व्यवस्था गरे पनि उक्त ऐन पूर्ण रूपमा कार्यान्वयन भएको छैन। राज्यको मूल कानुनले निर्देशित गरेको विषयलाई राज्यले प्रत्याभूत गर्न सक्नुपर्छ। त्यसका लागि माध्यमिक तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क गर्नुपर्ने दायित्व सरकारको हुनेछ। जेन-जी आन्दोलनको बलमा बनेको सरकारले यो विषयलाई कडाइकासाथ लागू गर्नुपर्छ। अनिवार्य र नि:शुल्क शिक्षाले मात्र मुलुकको विकास सम्भव छ। रकम अभावको कारण कयौं विद्यार्थीले पढ्न पाएका छैनन्। नि:शुल्क शिक्षाको नाममा अधिकांश सामुदायिक विद्यालयले रकम असुल्ने गरिरहेको अवस्थामा अनिवार्य र नि:शुल्क शिक्षा ऐन कार्यान्वयन गर्नु अर्को चुनौती हो।

पहिलो पटक शिक्षाक्षेत्रमा युवाले मन्त्रालयका वागडोर सम्हाल्नुभएको छ। सरकार बन्नासाथ कुनै पनि दलको चाहानामा नपर्ने शिक्षा मन्त्रालय यो क्याबिनेटले महत्वपूर्ण मन्त्रालयको रूपमा लिएको छ। मन्त्री पोखरेलसामु देखिएका चुनौती समाधान गर्न शिक्षाका सबै निकाय लाग्नु अनिवार्य छ। अनिमात्र शिक्षामा व्यापक सुधार हुनसक्छ।


**Manthali Municipality**
**Office of Municipal Executive**
**Manthali, Ramechhap**
**Bagamati Province, Nepal**

**INVITATION FOR BIDS**

**First Date of Publication: 2082/12/15 B.S (2026/03/29 A.D)**
**IFB No. 03/082/083**

1. Manthali Municipality,Manthali, Ramechhap invites electronic bids from registered eligible national bidders for the following supply of goods works under National Competitive Bidding .Some of the qualification criteria are mentioned below.

| S.N. | Contract ID No. | Description of Works | Total Estimated Amount (including. VAT) (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Fee in (NRs.) | Bid Validity and Bid Security Validity | Last Date of Bid Submission | Intended completion date after date of agreement. |
|---|---|---|---|---|---|---|---|---|
| 1 | MM/RCH/GOODS/SQ/02/082/083 | Supplying &. Delivering of essential free medicine and surgical materials | 11,99,980.22 | 33000/- | 1000/- | 45/75Days | 12:00 PM on 2082/12/30 BS | 15 days |

For Bid Purchase fee Deposition :
Name of Bank : Rastriya Banijya Bank, Manthali Branch, Manthali, Ramechhap
Account No. : 1680100301010002 (Internal Revenue), Office Code no; 801032401

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of the Municipal Executive,Manthali, Ramechhap Telephone: 048-540532 and Email: manthalinapa071@gmail.com, ito.manthalimun@gmail.com, Website : www.manthalimun.gov.np and may visit the EGP section of Public Procurement Monitoring Office (PPMO) website (www.bolpatra.gov.np/egp)

**Chief Administrative Officer**



**Manthali Municipality**
**Office of Municipal Executive**
**Manthali, Ramechhap**
**Bagamati Province, Nepal**

**INVITATION FOR BIDS**

**Second Date of Publication: 2082/12/15 B.S (2026/03/29 A.D)**
**IFB No. 02/082/083**

1. Manthali Municipality, Manthali, Ramechhap invites electronic bids from registered eligible national bidders for the following supply of goods works under National Competitive Bidding. Some of the qualification criteria are mentioned below.

| S.N. | Contract ID No. | Description of Works | Total Estimated Amount (including. VAT) (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Fee in (NRs.) | Bid Validity and Bid Security Validity | Last Date of Bid Submission | Intended completion date after date of agreement. |
|---|---|---|---|---|---|---|---|---|
| 1 | MM/RCH/GOODS/NCB/01/082/083 | Supplying &. Delivering of Hospital & Birthing Equpments | 24,99,659.63 | 69,000.00 | 3000/- | 90/120 Days | 12:00 PM on 2082/12/30 BS | 30 days |
| 2 | MM/RCH/GOODS/NCB/03/082/083 | Supplying &. Delivering of Hospital/Birthing Center & SNCU Equpments | 57,02,604.56 | 1,57,000.00 | 3000/- | 90/120 Days | 12:00 PM on 2082/12/30 BS | 30 days |

For Bid Purchase fee Deposition :
Name of Bank : Rastriya Banijya Bank, Manthali Branch, Manthali, Ramechhap
Account No. : 1680100301010002 (Internal Revenue), Office Code no; 801032401

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of the Municipal Executive, Manthali, Ramechhap Telephone: 048-540532 and Email: manthalinapa071@gmail.com , ito.manthalimun@gmail.com, Website : www.manthalimun.gov.np and may visit the EGP section of Public Procurement Monitoring Office (PPMO) website (www.bolpatra.gov.np/egp)

**Chief Administrative Officer**

# मिलन र सुनसरी पहिलो

**नेपाल समाचारपत्र, काठमाडौं**

मिलन राई र सुनसरी रोकाया बूढानीलकण्ठ/शिवपुरी खुला ट्रेल रेसमा पहिलो भएका छन्। शनिबार सम्पन्न १५ किलोमिटर दूरीको दौडमा मिलन पुरुष तथा सुनसरी महिलातर्फ पहिलो भएका हुन्।



आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले बूढानीलकण्ठ नगरपालिका वडा ३ द्वारा आयोजित दौडमा मिलनले निर्धारित दूरी १ घण्टा ३५ मिनेट ४६ सेकेन्डमा पूरा गरे। प्रताप थाम्सुहाङ (१ घण्टा ३६ मिनेट ०४ सेकेन्ड) दोश्रो तथा करण रावल (१ घण्टा ३६ मिनेट ४६ सेकेन्ड) तेश्रो भए। लोकेन्द्र राई चौथो र विशाल राई पाँचौं स्थानमा रहे।

सुनसरीले निर्धारित दूरी तय गर्न १ घण्टा ५८ मिनेट ०४ सेकेन्ड समय खर्चिन्। राज्यलक्ष्मी रावल (२ घण्टा ०२ मिनेट ०७ सेकेन्ड) दोश्रो तथा गीता नेपाली (२ घण्टा १० मिनेट २२ सेकेन्ड) तेश्रो बने। आश्मा विकले चौथो तथा मन्जु सुनुवारले पाँचौं स्थानमा दौड टुंगाए।

दुवै समूहमा शीर्ष तीन स्थान हात पार्नेले क्रमश: ४० हजार, २५ हजार र १५ हजार नगद पुरस्कार प्राप्त गरे। दुवै समूहमा चौथो र पाँचौं स्थानमा रहने खेलाडीलाई समान ५-५ हजार नगद पुरस्कार प्रदान गरिएको थियो।

विजेतालाई आयोजक वडा ३ का अध्यक्ष आकाश धिताल, ओलम्पियन धाविका सन्तोषी श्रेष्ठलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे। दौडमा २ सय ४० को सहभागिता रहेको थियो।

# क्लोपले भने सलाह अझै ७ वर्षसम्म खेल्न सक्ने

**लन्डन, (एजेन्सी)**

लिभरपुलका पूर्व मेनेजर युर्गेन क्लोपले मोहम्मद सलाह अझै ७ वर्ष जति फुटबल खेल्न सक्ने बताएका छन्। क्लोपको भनाइअनुसार सलाह ४० वर्षको उमेरसम्म खेल्न सक्नेछन्।

क्लोपले बताए-'अब उनी यहाँबाट जाँदै छन्, तर यदि उनले अझै ६-७ वर्ष खेलिरहे भने म अचम्म मान्नु पर्दैन। अब उनी जहाँ चाहन्छन् त्यहीं जान सक्छन् र क्लबले नयाँ खेलाडीहरू खोज्नेछ। यो सामान्य कुरा पनि हो।'

क्लोपको प्रशिक्षणमा सलाहले लिभरपुललाई दुई प्रिमियर लिग, यूईएफए च्याम्पियन्स लिग, फिफा क्लब विश्वकप, यूईएफए सुपर कप, एफए कप, दुई लिग कप र कम्युनिटी शील्ड जिताउन प्रमुख भूमिका खेलेका थिए।

क्लोपले बीबीसीसँग कुरा गर्दै भने-'उनले एक व्यवसायिक फुटबल खेलाडीका रूपमा नयाँ मापदण्ड स्थापित गरे। कति कडा मिहिनेत गर्न सकिन्छ, रिकभरीमा कति लगानी गर्न सकिन्छ भन्ने कुरा देखाए।'

सन् २०२४ मा लिभरपुल छोडेका क्लोपले सलाहसँगको सम्बन्धलाई उत्कृष्ट भने। 'हामीले ठूला सपना देखेका थियौं, तर यति ठूलो सफलता पाउँछौं भन्ने सोचेका थिएनौं,' उनले भने।

३३ वर्षीय सलाहले यसै साता सिजनको अन्त्यमा एनफिल्ड छोड्ने घोषणा गरिसके। क्लबको इतिहासकै महान खेलाडीमध्ये एक मानिने उनी सन् २०१७ मा एएस रोमाबाट लिभरपुलमा अनुबन्ध भएका थिए।

नयाँ वर्षमा केही नयाँको लागि
QR SCAN
गर्नुहोस्...

# रोनाल्डो र मेसीलाई पछ्याउँदै लेवान्डोस्की


**लन्डन, (एजेन्सी)**

फुटबलको दुनियाँमा उमेर केवल एउटा अंक मात्रै हो भन्ने तथ्यलाई ३७ वर्षीय पोलिश स्टार रोबर्ट लेवान्डोस्कीले पुन: एकपटक प्रमाणित गरिदिएका छन्। हालै न्यूक्यासल यूनाइटेडविरुद्धको च्याम्पियन्स लिग भिडन्तमा जादुमयी प्रदर्शन गर्दै बार्सिलोनाका यी भेट्रान स्ट्राइकरले फुटबल इतिहासमा आफ्नो नाम अझ चम्किलो बनाएका हुन्।

अन्तिम १६ को दोस्रो लेगमा दुई उत्कृष्ट गोल थपेसँगै लेवान्डोस्की च्याम्पियन्स लिगको नकआउट चरणमा सबैभन्दा धेरै गोल गर्ने तेस्रो खेलाडी बने। उनले फ्रान्सेली स्टार करिम बेन्जेमाको ३४ गोलको कीर्तिमानलाई उछिनेर आफ्नो गोल संख्या ३६ पुर्‍याएका छन्।

अब उनीभन्दा अगाडि फुटबलका दुई महान हस्ती क्रिस्टियानो रोनाल्डो (६७ गोल) र लियोनेल मेसी (४९ गोल) मात्र बाँकी छन्। जसलाई लेवान्डोस्कीले पछिल्लो समय निकै कडा टक्कर दिइरहेका छन्।

लेवान्डोस्कीको यो उपलब्धि गोलमा मात्र सीमित छैन। उनले आधुनिक फुटबलका जादुगर मानिने लियोनेल मेसीको एउटा अनौठो कीर्तिमानलाई समेत उछिनेका छन्। यसअघि ४० वटा फरक-फरक टोलीविरुद्ध गोल गरेर मेसीले बनाएको रेकर्डलाई तोड्दै लेवान्डोस्कीले



अब च्याम्पियन्स लिगमा ४१ वटा फरक क्लबविरुद्ध गोल गर्ने दुर्लभ कीर्तिमान आफ्नो नाममा गरेका छन्।

सन् २०२४ को नोभेम्बरमै १०० गोलको ऐतिहासिक आँकडा पार गरेका उनको कुल गोल संख्या अहिले १०९ पुगिसकेको छ। अझ रोचक कुरा त के छ भने, मेसी र रोनाल्डो जस्ता दिग्गजहरूले भन्दा पनि कम म्याच खेलेर उनले आफ्नो गोलको शतक पूरा गरेका थिए। डर्टमण्डको जर्सीबाट सुरु भएको उनको यो लोभलाग्दो यात्रा बायर्न म्युनिख हुँदै अहिले बार्सिलोनाको मैदानसम्म आइपुग्दा पनि उस्तै धारिलो देखिन्छ।

# एनभीए लिग विजेतालाई १० लाख पुरस्कार

**नेपाल समाचारपत्र, काठमाडौं**

नेपाल भलिबल संघको आयोजनामा आगामी वैशाख १० गतेदेखि १९ गतेसम्म दसौं एनभीए प्रधानमन्त्री महिला तथा पुरुष भलिबल लिग हुने भएको छ। त्रिपुरेश्वरस्थित कभर्डहलमा यसै चैतमा सञ्चालन हुने भनिएपनि प्रतियोगिता विविध प्राविधिक कारणले वैशाखको दोस्रो साताका लागि सारिएको हो।

प्रतियोगितामा पुरुषतर्फ ८ र महिलातर्फ ६ गरी कुल १४ उत्कृष्ट टोलीहरूले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्। नेपाली भलिबल इतिहासमै विशेष महत्त्व बोकेको यस संस्करणलाई थप व्यावसायिक र प्रतिस्पर्धी बनाउन संघले पुरस्कार राशिमा ठूलो वृद्धि गरेको छ।

यस पटकको प्रतियोगिता पुरस्कार राशिका हिसाबले अहिलेसम्मकै भव्य र ऐतिहासिक सावित हुने देखिएको छ। जसअनुसार महिला र पुरुष दुवै विधाका विजेता टोलीले जनही १० लाख रुपैयाँ नगद पुरस्कार हात पार्नेछन्। उपविजेताले ५ लाख र तेस्रो स्थान हासिल गर्ने टोलीले २ लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछन्। टोलीगत पुरस्कारका अतिरिक्त व्यक्तिगत उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई पनि आकर्षक पुरस्कारको व्यवस्था गरिएको छ।

प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीले ६० हजार रुपैयाँ पाउनेछन् भने उत्कृष्ट सर्भर, ब्लकर, स्पाइकर, सेटर, लिबेरो र प्रशिक्षकले जनही ३० हजार रुपैयाँ पुरस्कार स्वरूप प्राप्त गर्नेछन्। प्रतियोगिताको स्तरलाई अन्तर्राष्ट्रिय मापदण्ड र थप रोमान्चक बनाउन प्रत्येक टोलीले बढीमा ३ जनासम्म विदेशी खेलाडी समावेश गर्न पाउने विशेष प्रावधान राखिएको छ।

# एचजेएनबीएल : टाईम्सको लगातार नवौं जित



**काठमाडौं, (नेस)**

हिमालयन जाभा बास्केटबल लिग (एचजेएनबीएल) २०२६ मा टाईम्स बास्केटबल क्लबले लगातार नवौं जित हात पारेको छ। त्रिपुरेश्वरस्थित दशरथ रंगशाला कभर्डहलमा शनिबार भएको खेलमा टाईम्सले प्लेबक्स एरेनालाई ७६-५४ ले पराजित गरेको हो। लगातार नवौं जितपछि विजेता टोली १० खेलबाट १९ अंक जोडेर शीर्ष स्थानमा उक्लेको छ। नवौं हारपछि प्लेबक्सको १० खेलबाट ११ अंक भएको छ।

# इटाली १२ वर्षपछि विश्वकपमा पुग्ने संभावनामा

**नेपाल समाचारपत्र, काठमाडौं**

फिफा विश्वकपका गत दुई संस्करणमा इटालीले खेल्न पाएको थिएन। २०१८ मा रुसमा र २०२२ मा कतारमा भएको विश्वकपमा इटालीको सहभागिता हुन सकेको थिएन। इटाली छनोट चरणबाटै बाहिरिनु पर्दा यी दुई संस्करणमा खेल्न वंचित भएको थियो।

यसपटक इटाली यो क्रम तोड्ने संभावनामा छ। विश्वकप युरोपियन छनोटको प्लेअफमा नर्दन आयरल्यान्डलाई २-० ले हराएपछि इटाली विश्वकप २०२६ मा पुग्न नजिक रहेको हो। अब, इटालीले बोस्निया हर्जगोभिनासँग मंगलबार राति प्लेअफ फाइनल खेल्नेछ। जसमा, जित्यो भने इटालीले अमेरिकाको टिकट काट्नेछ हारेमा फेरि एकपटक फुटबलको महाकुम्भमा सरिक हुन वंचित हुनेछ।

इटाली चारपटकको विश्व च्याम्पियन टोली हो। इटालीले १९३० को दशकमा दुईपटक विश्वकप उपाधि जितेको थियो। यसपछि सन् १९८२ मा स्पेनमा आयोजित विश्वकपमा इटाली च्याम्पियन बन्यो। यसको २४ वर्षपछि यानि २००६ मा फेरि एकपटक इटालीले उपाधि जित्न सफल भयो।

२००६ मा फ्रान्सलाई पेनाल्टी शूटआउटमा हराएर उपाधि जितेयता इटालीको फुटबल ओरालो लागेको छ। इटालीले २०१० र २०१४ का विश्वकप खास केही गर्न सकेन। यसपछि भने इटाली कमजोर नै देखियो। जसको कारण इटालीले लगातार दुई विश्वकपमा सहभागिता जनाउन पाएन। त्यसो त २०२० को युरोकपमा भने टोली विजेता बन्न सफल भएको थियो।

शहीद सुरेश रजक सधै अमर रहुन...



हार्दिक श्रद्धाञ्जली

शहीद सुरेश रजकले खबरकर्मको राष्ट्रिय दायित्व निर्वाह गर्दै गर्दा कर्मथलोमा आफ्नो प्राण आहुति दिएको २०८१ चैत्र १५, आज एक वर्ष बितिसकेको छ,

शहीद परिवार र एभिन्यूज खबर परिवारको मागहरू मध्ये अघिल्लो सरकारले स्व. सुरेश रजकलाई शहीद घोषणा गरेर मुख्य माग पुरा गरिएको प्रति हामी निवर्तमान सूचना संचार तथा प्रविधि मन्त्री मा. जगदीश खरेल र तत्कालिन सरकारलाई हार्दिक आभार प्रकट गर्दछौ।
अझै, कर्तव्य पुरा गर्दै गर्दा अनाहकमा ज्यान गुमाएका शहीद सुरेश रजकको घटनाको अझै छानबिन हुन सकेको छैन। सरकारी प्रतिवेदन सार्वजनिक गर्न र छानबिन अनि दोषी माथि कार्वाहीको माग गर्दछौ साथै शहीद सुरेश रजकको प्रतिमा स्थापनाको लागि सरकारसंग आग्रह गर्दछौ।

शहीद सुरेश रजक स्मृति साहसिक टेलिभिजन सम्मानका लागि रिपोर्ट दाखिला आव्हान !

२०८१ साल चैत्र १५ गते देखि २०८२ साल चैत्र १५ गते सम्म जोखिमपूर्ण अनुसन्धानात्मक फिल्ड रिपोर्ट खबर सम्प्रेक्षण गर्ने टेलिभिजन पत्रकारहरुले माथि उल्लेखित समयावधि भित्र आफुले गरेको साहसिक टेलिभिजन पत्रकारिताको रिपोर्ट एभिन्यूज खबरको केन्द्रिय कार्यालयमा दाखिला गर्न हुन वा ईमेल : avenues@samman.com.np मा आवेदन दिनहुन सादर अनुरोध गर्दछौ। प्राप्त रिपोर्टहरू दाखिला गर्ने समय ३५ दिनको रहने छ। तत् पश्चात प्राप्त रिपोर्टहरू सम्मान छनौट समितिले जेष्ठ मसान्त सम्ममा घोषणा गर्नेछ। असार मसान्त अर्थात् यहि आउँदो असार ३२ गते गरिनेछ।

HD खबर

स्यस्य: समाजको १२ वर्ष

# एकता, पहिचान र सांस्कृतिक गौरवको उत्सव बन्यो

**नेपाल समाचारपत्र, ललितपुर**

नेपालभाषा, संस्कृति र सम्पदाको संरक्षणसँगै राज्यमा पहुँच र प्रतिनिधित्वको विषयलाई सशक्त तुल्याउँदै स्यस्य: समाज यलले शनिवार आफ्नो १२ औं स्थापना दिवस मनाएको छ।

नेपालभाषा जगेर्ना, संस्कृति, सम्पदाको पहिचानको प्रवर्द्धन गर्न स्यस्य: समाज यल स्थापना गरिएको हो। नेवा: समुदायको मुख्य जातिका रूपमा रहेको स्यस्य: समाजभित्र श्रेष्ठ, मुल्मी, जोशी, प्रधान, अमात्य, नेम्कुललगायत १ सय ७ भन्दा बढी थरहरू रहेका छन्। 'भी स्यस्य:, भी नेवा:, भीगु तजिलजि' (हामी स्यस्य:, हामी नेवा:, हाम्रो पहिचान) भन्ने मूल नारासहित आयोजित विविध कार्यक्रमले समुदायभित्र एकताको सन्देश प्रवाह गरेको समाजका सचिव चन्द्रकृष्ण श्रेष्ठले बताउनुभयो।




बिहान पाटन दरबार क्षेत्र मंगलबजारबाट निकालिएको बृहत् सांस्कृतिक र्यालीले नगरको माहोल बेग्लै बनाएको थियो। र्यालीको शुभारम्भ ललितपुर क्षेत्र नं २ का सांसद् जगदीश खरेलले गर्नुभयो। युवायुवतीहरूले परम्परागत दमोखिं, नगडा र बाँसुरीको तालमा सांस्कृतिक धुन बजाउँदै मंगलबजारबाट सुरु भएको र्याली हौगल, इखालखु, गाबहाल हुँदै पाटनढोका बालिफमा पुगेपछि सभामा परिणत भएको थियो। उद्योग, व्यवसाय, शिक्षा, स्वास्थ्य, भाषा, संस्कृति क्षेत्रलगायत विभिन्न तहतप्कामा रहेका सयौं स्यस्य: समुदायका प्रतिनिधिहरू उपस्थिति रहेको थियो भने र्याली महिला र युवावर्गको उल्लेख्य सहभागिताले थप ऊर्जाका रूपमा लिएका छन्।

र्यालीमा सहभागीहरूले 'संस्कृतिको संरक्षण हाम्रो अभियान, हाम्रो संस्कृति, हाम्रो पहिचान स्यस्य: समाज सधैं अघि, हाम्रो मूर्त, अर्मूत संस्कृति संरक्षण गरौं, नेवा: संस्कृतिको संरक्षण हाम्रो अभियान भनी नेपाली र नेपालभाषामा लेखिएको विभिन्न सन्देश दिने प्लेकार्ड बोकेर आएका थिए।

सो अवसरमा समाजका अध्यक्ष नवीनमंगल जोशीले नेवा: समुदायको हकहित, भाषा, संस्कृति र पहिचानको संरक्षणसँगै राजनीतिक अधिकार प्राप्तिका लागि समाज निरन्तर सक्रिय रहेको उल्लेख गर्दै भन्नुभयो- 'हाम्रो अभियानले राष्ट्रिय एकता र सामाजिक सद्भावमा महत्वपूर्ण योगदान पुर्‍याउने छ।' दिउँसो आयोजित सभाको उद्घाटन गर्दै पूर्वप्रधान न्यायाधीश कल्याण श्रेष्ठले समाजले नेवा:हरूलाई एकत्रित गर्दै भाषा, संस्कृति र अधिकारका मुद्दामा सशक्त भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो। अहिलेको बदलिँदो परिवेशमा समुदायका साझा एजेण्डासँगै समृद्धि, सुशासन र विकासका लागि सक्रियता देखाउनुपर्ने उहाँको भनाइ रहेको छ।

समारोहमा वरिष्ठ जलतरंग मोहनप्रसाद जोशीलाई समाजको प्रतिष्ठित व्यक्तिका रूपमा सम्मान गरिएको थियो। संस्कृतिविद् छत्रबहादुर कायष्ठद्वारा लिखित नेपालको भाषा पुराना शब्द भण्डार संग्रहित पुलांगु खँग्व धुकु पुस्तक लोकार्पण गरिएको थियो। समाजको इलाका नं ५ पूर्णचण्डी शाखा यस वर्षको उत्कृष्ट शाखामा परेको छ। सो शाखाका अध्यक्ष माधव मुल्मीलाई रनिङ शिल्ड प्रदान गरिएको थियो। समारोहमा समाजले बनाएको मापदण्डअनुसार विभिन्न क्षेत्रमा उत्कृष्ट हुनेलाई उत्कृष्ट स्यस्य: सम्मान, यशस्कर सम्मान, आजीवन सदस्य सम्मान तथा उत्कृष्ट विद्यार्थी पुरस्कार वितरण गरिएको थियो।

समारोहमा ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जनले भाषा, संस्कृति जोगाउन समाजले ठोस भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिँदै यस कार्यक्रममा महानगरपालिका पर्याप्त सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। सो अवसरमा नेवा समुदायको प्राचीन सांस्कृतिक धरोहर 'दमोखिं नगडा बाँसुरी बाजा'को विशेष प्रस्तुति समेत गरिएको थियो। कुनै समय हरेक जात्रा र शुभकार्यमा गुञ्जिने यी बाजाहरू अहिले लोप हुने अवस्थामा पुगेका छन्। तर, स्यस्य: समाजले यस्ता परम्परागत बाजाहरूलाई जोगाउन युवा पुस्तालाई प्रशिक्षण दिँदै संरक्षण अभियान अगाडि सचिव श्रेष्ठले बताउनुभयो।


**Government of Nepal**
**Ministry of Water Supply**
**Department of Water Supply and Sewerage Management**
**Water Supply and Sewerage Management Office**
**Dadeldhura**

**Issuance of Letter of Intent to Award the Contract**

**Date of Publication: 2082/12/15**

As per Public Procurement Act 2063, Section 27, this is to notify to all bidders that, it is our intention to award the contract to following listed bidders, for execution of the Supply and Delivery of Goods as specified below as corrected in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

| Bid Publication Notice Date | Contract ID No. | Description of Works | Substantially Responsive Lowest Evaluated Bidder | Evaluated Bid Amount Including VAT (Nrs.) |
|---|---|---|---|---|
| 17-February-2026 AD (05-Falgun-2082 BS) Prabhav National Daily Newspaper | SQ/G/01/2082-83/ WSSMO/ Dadeldhura | HDPE Pipe Procurement for Ayit WSP, Amargadhi-3, Dadeldhura | Laxmi Plastics Pvt. Ltd., Nepalgunj, Banke | 18,77,776.87 |
| | SQ/G/02/2082-83/ WSSMO/ Dadeldhura | HDPE Pipe Procurement for different WSPs of Doti and Dadeldhura district | Laxmi Plastics Pvt. Ltd., Nepalgunj, Banke | 18,88,520.86 |
| | SQ/G/03/2082-83/ WSSMO/ Dadeldhura | HDPE Pipe Procurement for different WSPs of Achham and Bajura district | Laxmi Plastics Pvt. Ltd., Nepalgunj, Banke | 15,81,862.31 |
| 03-March-2026 AD (19-Falgun-2082 BS) Sourya National Daily Newspaper | SQ/G/04/2082-83/ WSSMO/Dadeldhura | Supply and Delivery of PE 100 HDPE pipe for different WS Projects of Dadeldhura, Doti & Achham District | Hardware Nepal Pvt. Ltd., Balaju, Kathmandu | 13,85,356.27 |
| | SQ/G/05/2082-83/ WSSMO/Dadeldhura | Supply and Delivery of PE 100 HDPE pipe for Shreekot WSP of Sanfebagar-2, Achham | Hardware Nepal Pvt. Ltd., Balaju, Kathmandu | 18,81,394.63 |

**Office Chief**



**Panauti Municipality**
**Office of the Municipal Executive**
**Panauti , kavre**
**Bagmati Province, Nepal**

**Invitation for Electronic Bids**

**First Date of Publication: 2082/12/15**

The Office of the Municipal Executive, Panauti municipality invites electronic bids from Nepalese Eligible Bidders for the following projects under National Competitive Bidding Procedures. Eligible Bidders may obtain further information from the www.bolpatra.gov.np and Office of the Municipal Executive, Panauti municipality, Kavre.

| S. N. | Contract Identification No. | Description of Project | Bid Document Fee, NRs. | Bid Security Amount NRs. | Estimate Amount With VAT and contingency |
|---|---|---|---|---|---|
| 1 | Panauti/NCB/Works/ Ward7Swastya chauki/ 2082/83/101 | Panauti Swasthaya chauki -7, remaining work for completion | 3000 | 75,000.00 | 30,00,000.00 |

**Executive Officer Panauti Municipality.**



**पूर्वाधार विकास कार्यालय, तनहुँको**

**सूचना**

**प्रकाशित मिति: २०८२-१२-१५**

यस कार्यालयबाट मिति २०८२/११/२७ को नेपाल समाचारपत्रमा Upgrading Of Deurali Kyangdi Motar Marga Bhimad-8, Tanahun का लागि बोलपत्र आवहानको सूचना प्रकाशन गरिएकोमा सो आयोजनाको ठेक्का नं. IDO/TANAHUN/NCB/W/UG/01/082-83 हुनुपर्नेमा अन्यथा हुन गएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।



**सहयोगी बहुउद्देश्यीय सहकारी संस्था लि.**
**महालक्ष्मी न.पा.-८, लुभू, क्वेय्ढोका, ललितपुर**
**फोन नं.: ०१-५५८०७३२, ५९१७९३२**
**Email: sahayogisahakari@yahoo.com, sahayogimc@gmail.com**

**धितो लिलामी सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८२/१२/१५ गते**

यस सहयोगी बहुउद्देश्यीय सहकारी संस्था लि. बाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उधोग। व्यापार, व्यावसाय सञ्चालन गर्न लिनु भएको ऋणको यस संस्थासँगको सम्झौता बमोजिम तिर्न बुझाउनु पर्ने साँवा, व्याज आदि चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा पनि संस्थाबाट लिएको ऋणको नियमानुसार बुझाउनु पर्ने सावाँ व्याज नबुझाएकोले संस्थाबाट मिति २०८२।०४।१४ गते तपसिलमा उल्लेखित जग्गा लिलामि गर्न सुचना प्रकाशित गरेकोमा उक्त लिलामी प्रक्रियालाई तत्काल रोकि ऋणको सावाँ व्याज चुक्ता गर्ने समय दिलाई पाउँ भनी संस्थामा रु.२०,००,०००। बुझाएको र संस्थाले पनि निजको निवेदन माग बमोजिम तत्काललाई लिलामी प्रकृया रोकेकोमा निजले मागेको भाखा अवधि नाघि सक्दा पनि संस्थामा बाँकि रकमको सावाँ व्याज बुझाउन आना कानि गरेकोले संस्थाबाट पुन: लिखित तथा मौखिक तारताकेता गर्दा, मिति २०८२।०७।१२ गते रकम रु ८,५०,०००। बुझाई पुन: धितो लिलामको सुचना रोकि आएकोमा मिति २०८२।११।२७ मा ऋणि स्वयंम सहकारी संस्थामा उपस्थीत भई अब उप्रान्त सावाँ व्याज बुझाउन नसक्ने हुँदा कित्ता नं ६८७ को हाल साविक पश्चात कायम कित्ता ६८७ सिट नं १०२१२६९११ को जग्गा संस्थाको नियमानुसार लिलाम बिक्री गरि संस्थाको लेना रकम असुल उपर गरेमा हाम्रो पूर्ण मञ्जूरी भनी निवेदन दिएको हुँदा यो ७ सात दिने सुचना प्रकाशित गरिएको छ तसर्थ ऋणीले संस्थासँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उलंघन गर्नु भएकोले संस्थाको नाममा धितोबन्धकी लेखि दिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा तपसिलको मिति, समय र स्थानमा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ ले दिएको अधिकार प्रयोग गरी संस्थाको नियमावली द्वारा लिलाम बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाले तपसिलमा उल्लेखित शर्त अधिनमा रही मिति २०८२।१२।२२ गते सम्ममा गोप्य शिलबन्दी पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएको बोलपत्रहरु सो दिन बिदा भएमा त्यसको भोलिपल्ट सोहि स्थानमा खोलिने हुँदा सम्पुर्णमा सुचित गरिएको छ । तर उक्त दिन निजहरु उपस्थित नरहेमा पनि बोलपत्र खोल्न, धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पर्ने छैन । साथै कर्जा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम कारबाहि गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवाला सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ती लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा गर्दै सूचनाको म्याद भित्र धनि संस्थामा सम्पर्क राखी यथाशिध कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तीको उचित संरक्षण गर्न गराउन हुन समेत बिशेष अनुरोध गरिएको छ ।

तपसिल

| ऋणी सदस्य | तथा जमानी दिनेको विवरण |
|---|---|
| १. ऋणीको नाम: रमेश के सि । अजिता के सि<br>बाजे: ससुराको नाम: राम बहादुर के सि । श्याम बहादुर के सि<br>बाबु : श्याम बहादुर के सि, पतिको नाम: रमेश के सि<br>ठेगाना: ल.पु. जिल्ला महालक्ष्मि न पा वडा नं ७। ऐ ऐ<br>ना.प्र.न: ७५१४६ जि.प्र.का. ललितपुर । ८०२४ जि प्र का ललितपुर<br>जारी मिति: २०५२।०५।१८ । २०५८।१०।२३ | जमानीको नाम: रवि के सि<br>बाबुको नाम: श्याम बहादुर के सि<br>बाजेको नाम: राम बहादुर के सि<br>ठेगाना: ल.पु. जिल्ला महालक्ष्मि न पा वडा नं ७<br>ना.प्र.नं.९९६८८ जि.प्र.का. ललितपुर<br>मिति: २०५६।०२।०६ |
| **धितोको विवरण**: ल.पु.जि. टिकाथली गा वि स वडा नं. ७ कि.नं. ६८७ क्षेत्रफल २३६.३५ व. मि. को जग्गा र सम्पुर्ण लिगलगापात समेत | |

**लिलिम विक्रिका शर्तहरु:**

१. शर्त बन्देज फारम यस संस्थाको कार्यालयबाट रु ५००।- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोल कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. माथि उल्लेखित गैह्र वित्तिय सम्पत्ति जे जस्तो अवस्था, स्थिति र परिणाममा छ सोही अवस्था, स्थिति र परिणामका लागि मात्र बोलपत्र पेश गर्न सकिनेछ ।
४. बोलपत्र साथ आफुले कबुल गरेको रकमको कम्तीमा १० प्रतिशत रकम संस्थामाा जम्मा गर्नुपर्नेछ ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र फर्म, कम्पनी वा संस्था भए दर्ता प्रमाण पत्र तथा कर दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान समयमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।
७. माथि उल्लेखित अचल सम्पति निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र यस संस्थामा सम्पर्क राखी जे जस्तो अवस्थामा निरिक्षण गर्न सकिनेछ ।
८. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७(सात) दिन भित्र बोलकबोल गरेको सम्पुर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनुपर्ने छ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा अन्य सम्पुर्ण सहकारी दस्तुर शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
१०. बोलपत्र दाखिला भैसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागे सम्म धरौटी फिर्ता दिइने छैन । अस्वीकृत धरौटी रकमको व्याज दिईने छैन ।
११. कुनै शर्त राखी पेश गरिएको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पुण अधिकार यस संस्थामा नै सुरक्षित रहने छ ।
१३. थप विवरणको लागि यस संस्थाको कार्यालयमा सम्पर्क गर्नु होला ।



**Kshireshwornath Municipality**
**Office of the Municipal Executive**
**Mahendranagar, Dhanusha**
**Madhesh Province, Nepal**

**Invitation for Electronic Sealed Quotation**

**Date of Publication: 2082/12/15**

| S.No. | Contract Identification No. | Description of Works | Bid security amount (NRs.) | Bid document Cost (NRs.) (Non Refundable) |
|---|---|---|---|---|
| 1 | KMO/SQ/WORKS/16/2082-83 | Kabir kutti starunnati ward no 06 | 20000 | 1000 |
| 2 | KMO/SQ/WORKS/14/2082-83 | Kumhraul Asmasan ghat nirman | 20000 | 1000 |
| 3 | KMO/SQ/WORKS/08/2082-83 | Ram Ekbal ko ghar dekhi Ram Baran ko ghar sama sadak nirman | 20000 | 1000 |
| 4 | KMO/NCB/WORKS/09/2082-83 | Khehru ko ghar dekhi Rabindra ko ghar sama sadak niraman | 10000 | 1000 |
| 5 | KMO/SQ/WORKS/10/2082-83 | Ramjanaki mandir bhautik samrachana kshi mun 08 | 20000 | 1000 |
| 6 | KMO/SQ/WORKS/11/2082-83 | Kabir kutti bhautik samrachana | 20000 | 1000 |
| 7 | KMO/SQ/WORKS/13/2082-83 | Mahendra Thakur ko ghar dekhi purba sadak starunnati karya | 20000 | 1000 |
| 8 | KMO/SQ/WORKS/12/2082-83 | Durga mandir ma raheko adhuro krishna mandir nirman | 20000 | 1000 |
| 9 | KMO/SQ/WORKS/17/2082-83 | Pasman tol ma sarbajanik dalan nirman | 10000 | 1000 |
| 10 | KMO/SQ/WORKS/25/2082-83 | Manasha ram mandir ma boundary wall gate nirman ward no 02 | 10000 | 1000 |
| 11 | KMO/SQ/WORKS/18/2082-83 | Ramchalitar ko ghar dekhi devji khatbe ko ghar sama sadak nirman | 10000 | 1000 |
| 12 | KMO/SQ/19/GOODS/2082-83 | Rameshpur tolma parne sadak ra adhuro sadak haru nirman | 20000 | 1000 |
| 13 | KMO/SQ/WORKS/21/2082-83 | sindhuli tolko mul sadak dekhi sibu ko ghar nir-man | 20000 | 1000 |
| 14 | KMO/SQ/WORKS/22/2082-83 | adhuro masjid nirman | 10000 | 1000 |
| 15 | KMO/SQ/WORKS/23/2082-83 | jaisi baba starunnati karya | 20000 | 1000 |
| 16 | KMO/SQ/WORKS/24/2082-83 | parsama raheko mandir marmat ward no.3 | 10000 | 1000 |
| 17 | KMO/SQ/WORKS/26/2082-83 | choharwa masjid nirman | 20000 | 1000 |
| 18 | KMO/SQ/WORKS/27/2082-83 | chandarpur ko krishi sadakma culvert tatha gravel | 20000 | 1000 |
| 19 | KMO/SQ/WORKS/28/2082-83 | naya tol ma dharmasala nirman | 20000 | 1000 |
| 20 | Kmo/sq/works/20/3082-83 | Danuwari tolko dosro talla dhalan xutyo | 20000 | 1000 |
| 21 | KMO/SQ/01/GOODS/2082-83 | Procurement Of medicine | 30000 | 1000 |

1. Eligible Bidders may obtain further information at Kshireshwornath Municipality, Office of the Municipal Executive, Mahendranagar, Dhanusha or may visit PPMO's e-GP systemi.e www.bopatra.gov.np/egp
2. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# गुल्मी अस्पतालमा पहिलो पटक स्तन क्यान्सरको सफल शल्यक्रिया

## आर्थिक रुपमा कमजोर बिरामीलाई नि:शुल्क सेवा

**अनिल खत्री, गुल्मी**

गुल्मी अस्पतालमा पहिलो पटक स्तन क्यान्सरको सफल शल्यक्रिया गरिएको छ। विशेषज्ञ सेवाको अभावका बीच पनि बाह्य विशेषज्ञ टोलीको सहयोगमा अस्पतालले यस्तो जटिल शल्यक्रिया सफलतापूर्वक सम्पन्न गरेको हो।

रेसुङ्गा नगरपालिका-८ निवासी तुल्सी विश्वकर्मामा स्तन क्यान्सर देखिएपछि प्रारम्भिक उपचारका लागि गुल्मी अस्पतालमै जाँच गरिएको थियो। थप उपचारका लागि उनलाई बुटवल रिफर गरिए पनि आर्थिक अवस्था कमजोर भएका कारण बाहिर उपचार सम्भव नभएपछि पुन: गुल्मी अस्पतालमै शल्यक्रिया गरिएको अस्पतालका जनस्वास्थ्य निरीक्षक बोम अर्यालले जानकारी दिनुभयो।

अस्पतालले मासिक रूपमा लुम्बिनी प्रादेशिक अस्पतालबाट विभिन्न रोगका विशेषज्ञ चिकित्सक बोलाउने व्यवस्था गर्दै आएको छ। सोही कार्यक्रमअन्तर्गत आएका क्यान्सर रोग विशेषज्ञ डा.सन्जय पाण्डेको नेतृत्वमा तीन सदस्यीय चिकित्सक टोलीले तुल्सी विश्वकर्माको सफल शल्यक्रिया गरेको हो। अस्पतालका अनुसार शल्यक्रिया पूर्ण रूपमा सफल भएको छ र बिरामीको स्वास्थ्य अवस्था सुधारोन्मुख रहेको छ।

शल्यक्रियामा संलग्न विशेषज्ञ डा. सन्जय पाण्डेले सीमित स्रोत-साधनका बाबजुद पनि गुल्मी अस्पतालमा यस्ता जटिल सेवा दिन सफल भएको बताउनुभयो। उहांले क्यान्सरजस्तो गम्भीर रोगको उपचारका लागि आवश्यक उपकरण र जनशक्ति सीमित हुँदाहुँदै पनि शल्यक्रिया सफलतापूर्वक सम्पन्न गरिएको उल्लेख गर्नुभयो।

उहांका अनुसार समयमै पहिचान र उपचार हुन सके क्यान्सरका बिरामीको ज्यान बचाउन सकिन्छ भन्ने यस घटनाले देखाएको छ। शल्यक्रियापछि विश्वकर्माले आफ्नै जिल्लामै उपचार पाउँदा निकै खुसी लागेको बताउनुभयो। बाहिर गएर उपचार गर्ने अवस्था नभएकाले यहीँ नि:शुल्क रूपमा उपचार पाउँदा जीवन नै बाँचेजस्तो लागेको उहांको भनाइ छ। शल्यक्रियापछि उहांले अस्पताल पुगेर व्यवस्थापन र चिकित्सक टोलीलाई धन्यवाद दिनुभएको छ।

जनस्वास्थ्य निरीक्षक बोम अर्यालले सीमित भौतिक संरचनाका बीच पनि अस्पतालले उच्चस्तरीय सेवा दिन प्रयास गरिरहेको बताउनुभाये। नयाँ भवन नबनेको कारण साँघुरा कोठाबाटै सेवा दिनुपरेको भए पनि जटिल सेवा उपलब्ध गराउन सफल भएको उहांले बताउनुभयो। हाल गुल्मी अस्पतालमा हाडजोर्नी तथा बालरोग विशेषज्ञ सेवा उपलब्ध छ। साथै, मिर्गौला पीडित बिरामीका लागि हेमोडायलाइसिस सेवा पनि सञ्चालनमा रहेको छ। यसले अस्पतालमा सेवाग्राहीको चाप बढ्दै गएको छ।

अस्पताल विकास समितिका अध्यक्ष गोपाल प्रसाद पाण्डेले ग्रामीण क्षेत्रमै विशेषज्ञ सेवा विस्तार गर्ने लक्ष्यका साथ काम भइरहेको बताउनुभयो। भौतिक संरचना अझै पर्याप्त नभए पनि जिल्लामै जटिल रोगको उपचार सम्भव छ भन्ने सन्देश दिन खोजिएको उहांको भनाइ छ। सफल शल्यक्रियामा संलग्न डा. सन्जय पाण्डेसहित तीन सदस्यीय चिकित्सक टोलीलाई गुल्मी अस्पताल विकास समितिले सम्मान गरेको छ।


**Bodebarsain Municipality**

**Office of the Municipal Executive**

**Bodebarsain, Saptari**

**Madhesh Province,Nepal**

**Invitation for Sealed Quotation**

**First Date of publication:2082/12/15(03/29/2026)**

1. The Bodebarsain Municipality Invites Only electronic bids from Nepalese eligible bidders for the Following Projects under Sealed Quotation procedures.
2. Eligible Bidders may obtain further information at the office of Bodebarsain Municipality, Office of the Municipal Executive, Bodebarsain, Saptari or may visit PPMO website www.bolpatra.gov.np.egp..

| S.N | Name of the project | Contract identification | Estimated Amount NRs. (Exclusive of VAT and Contingencies) | Bid Security Amount NRs. | Bid Price NRs. |
|---|---|---|---|---|---|
| 1 | Construction work of Hat Bazar Shed Nirman, Bodebarsain MUN-5 | BBMS/SQ/ WORKS/2082/083-01 | 1,650,725.51 | 40000.00 | 1,000 |

**Chief Administrative Officer**



**Madhesh Province Government**

**Ministry of Physical Infrastructure Development**

**Infrastructure Development Directorate**

**Infrastructure Development Office**

**Jaleshwar,Mahottari**

**Invitation For Electronic Bids**

**First Date of publication: 2082-12-15, (2026-03-29)**

1. Infrastructure Development Office, Mahottari invites electronic bids from Nepalese eligible bidders for the construction of Completion of following works under National Competitive Bidding and Sealed quotation Procedures for following Contracts:

| S.N. | Contract No: | Name of project | Estimated amount inc. of VAT, PS and Contingencies | Bid Security amount in NRs |
|---|---|---|---|---|
| Sealed quotation | | | | |
| 1 | IDOMAHOTTARI/SQ/ WORKS/1/082-83 | Upgradation and construction of ward office mahottari balba 7 | 1598577.03 | 38000 |
| National Competitive Bidding Single Stage Single Envelope (NCB 1S1E) | | | | |
| 1 | IDOMAHOTTARI/NCB/ Works/82/082-83 | Nava jiwan sana kisan krisi sahkari sanstha Ltd. Adhuro bhawan nirman ,Gaushala-6,Phulakaha | 3919306.68 | 98000 |
| 2 | IDOMAHOTTARI/NCB/ Works/83/082-83 | Laxminiya Sadak Staronatti,Gaushala-11 | 3919225.70 | 98000 |
| 3 | IDOMAHOTTARI/NCB/ Works/84/082-83 | Mahottari Gaushala na.pa.-5 Rauniyaar sewa samitiko Adhuro bhawan tatha compound wall nirman | 2799656.34 | 70000 |
| 4 | IDOMAHOTTARI/NCB/ Works/85/082-83 | Musahar Bastima Ghar Haruko Saundaryakaran ra Bato Dhalan,Gaushala-6 ( Fulakaha) | 3918325.80 | 98000 |
| 5 | IDOMAHOTTARI/NCB/ Works/86/082-83 | Road and drain construction work in mahottari jaleshwar 8 ratbara | 2799654.104 | 68000 |
| 6 | IDOMAHOTTARI/NCB/ Works/87/082-83 | Upgrading works of dharamsala at Samsi Ga. Pa- 06 and 07,Mahottari | 3199600.66 | 80000 |
| 7 | IDOMAHOTTARI/NCB/ Works/88/082-83 | Upgrading works of Raja Kabristan and Madni Masjid at Samsi Ga Pa-03 | 3199203.08 | 80000 |
| 8 | IDOMAHOTTARI/NCB/ Works/89/082-83 | Mahottari Bardibas na.pa. wada no.2 sthit Janta ma.bi. ko Bhawan marmat smbharko lagi | 3599006.19 | 90000 |

Date of Purchasing, Submission and Opening of Bids :

| Deadline of Bid Purchasing and Submission | Date of Bid Opening | Cost Of Bid Document/Bank Details For Purchasing Bid Document | Bid Validity/ Bid Security Validity |
|---|---|---|---|
| On or Before 2082-12-30, (2026/04/13). Till 12:00 hours for sealed quotation On or Before 2083-01-15, (2026/04/28). Till 12:00 hours for NCB 1S1E | On or Before 2082-12-30, (2026/04/13) for sealed quotation On or Before 2083-01-15, (2026/04/28) for NCB 1S1E Time: 13:00 hours at office premises | Nrs 1000 for sealed quotation Nrs. 3000 for NCB 1S1E Rastriya Banijya Bank Ltd. Office Code no: 3370118012 Account no: 1000100200010000 Rajaswa Shirshak no. : 14229 | 45 days/ 75days for sealed quotation 90 days/120 days for NCB 1S1E From the date of bid opening |

Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Infrastructure Development Office, Mahottari, Jaleshwar, Jaleshwar or may visit PPMO website www.bolpatra.gov.np/egp.


# चीनको विकास मोडल ‘रोबोट युग’तर्फ केन्द्रित : विज्ञ

**चिरञ्जीवी मास्के, काठमाडौं**

फ्रेन्ड्स अन द क्लाउड: प्लेटफर्म अफ इन्फ्लुएन्स नेपालले ‘चीन-२०२६ का दुई सत्र र १५औं पञ्चवर्षीय योजना’ विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ।

काठमाडौंमा आयोजित कार्यक्रममा संस्थाका अध्यक्ष तथा समाजसेवी शोभित उप्रेतीले चिनियाँ कम्युनिष्ट पार्टी र चिनियाँ जनकंग्रेसको संयुक्त बैठकले पारित गरेको १५औं पञ्चवर्षीय योजनाबाट नेपालले पनि लाभ लिन सक्ने उल्लेख गर्दै त्यसका मुख्य विषयमा छलफल गर्न कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो।

कार्यक्रममा वक्ताका रूपमा सहभागी अनुसन्धानकर्ता डा. सीता ढुङ्गानाले चीन विश्वको अग्रणी अर्थतन्त्र बन्ने दिशामा अघि बढिरहेको बताउँदै हालै सम्पन्न १५औं पञ्चवर्षीय योजनाले विज्ञान र प्रविधिको प्रयोगमा विशेष जोड दिएको बताउनुभयो। उहाँका अनुसार चीनको वर्तमान विकास मोडल मुलुकलाई ‘रोबोट युग’मा पुऱ्याउने दिशातर्फ उन्मुख छ। उहाँले थप्नुभयो-‘चीनले उन्नत उत्पादन प्रणाली (अपग्रेडेड म्यानुफ्याक्चरिङ) लाई प्राथमिकता दिएको छ र डिजिटल अर्थतन्त्रको तीव्र विस्तार गरिरहेको छ, जसले कर चुहावटजस्ता समस्या न्यून हुने विश्वास गरिएको छ।’

कार्यक्रमका अर्का वक्ता नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (नास्ट) का वरिष्ठ वैज्ञानिक डा. टिष्टा प्रसाई जोशीले चीनको विकासमा विज्ञानको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै नेपालले पनि दिगो विकासका लागि विज्ञानलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो।

फ्रेन्ड्स अन द क्लाउड: प्लेटफर्म अफ इन्फ्लुएन्स नेपालका ज्येष्ठ सदस्य तथा वरिष्ठ कलाकार मदनदास श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा पत्रकार तारा बस्याल, डा. विष्णुहरि नेपाल, डा. विष्णुराज उप्रेती, डा. सुरेन्द्र केसी, पूर्व सचिव देवेन्द्र सिटौला, पूर्व डिआइजी रमेश खरेल, कलाकार कृष्ण मल्ल, शर्मिला मल्ललगायतको सहभागिता रहेको थियो

# सामुदायिक कुकुर बन्ध्याकरण अभियान प्रभावकारी

## दुई दिनमै १३४ कुकुरको शल्यक्रिया, रेबिज नियन्त्रणमा टेवा पुग्ने अपेक्षा

**चितवन, (नेस)**

कालिका नगरपालिकाले सामुदायिक कुकुरको संख्या नियन्त्रण तथा रेबिज रोग व्यवस्थापन गर्ने उद्देश्यले सञ्चालन गरेको स्थायी बन्ध्याकरण (स्पे/न्युटर) कार्यक्रम प्रभावकारी बन्दै गएको छ। चैत १२ गतेबाट सुरु गरिएको अभियानमा पहिलो दिनदेखि नै उल्लेखनीय सहभागिता देखिएको नगरपालिकाले जनाएको छ।

कार्यक्रमको उद्घाटनसँगै बिहानैदेखि क्याचिङ टोलीहरू सक्रिय रूपमा परिचालन गरिएका थिए। बिहान ६ बजेदेखि नै टोलीहरू नगरका विभिन्न टोल-टोलमा पुगेर सामुदायिक (आवारा) कुकुर संकलन गर्ने कार्यमा जुटेका थिए। संकलन गरिएका कुकुरहरूलाई सुरक्षित रूपमा अप्रेसन स्थलमा ल्याइएपछि पशु चिकित्सकहरूको टोलीले आवश्यक परीक्षण गरी शल्यक्रिया प्रक्रिया सुरु गरेको थियो।

पशु चिकित्सक डा. राजप्रसाद न्यौपानेका अनुसार अभियानको पहिलो दिनमै ९६ वटा कुकुरको सफल बन्ध्याकरण गरिएको छ। दोस्रो दिन पनि कार्यक्रम निरन्तर सञ्चालन हुँदै थप ३८ वटा कुकुरको स्थायी बन्ध्याकरण गरिएको उहांले जानकारी दिनुभयो। यससँगै दुई दिनमै कुल १३४ वटा सामुदायिक कुकुरको शल्यक्रिया सम्पन्न भएको छ, जुन अपेक्षाभन्दा उत्साहजनक उपलब्धि मानिएको छ।

नगरपालिकाले चालु आर्थिक वर्षभित्र करिब २५० वटा सामुदायिक कुकुरको बन्ध्याकरण गर्ने लक्ष्य निर्धारण गरेको छ। उपलब्ध बजेट र स्रोतका आधारमा तय गरिएको उक्त लक्ष्य हासिल गर्न अभियानलाई निरन्तरता दिने जनाइएको छ। कार्यक्रममा घरपालुवा कुकुरलाई समावेश नगरिएको र केवल सामुदायिक कुकुरलाई मात्र प्राथमिकतामा राखिएको स्पष्ट पारिएको छ।

क्याचिङ टोलीलाई आवश्यक सवारी साधनसहित परिचालन गरिएको छ। टोलीले बिहान ६ देखि ७ बजेसम्म कुकुर संकलन गरी अप्रेसन स्थलसम्म ल्याउने व्यवस्था मिलाएको छ। त्यसपछि चिकित्सक टोलीले क्रमबद्ध रूपमा शल्यक्रिया गर्दै आएका छन्। शल्यक्रियापछि कुकुरहरूको स्वास्थ्य अवस्थाको निगरानी गर्दै आवश्यक उपचार र हेरचाह गरिन्छ र पूर्ण रूपमा होसमा आएपछि पुन: सोही स्थानमा छाड्ने व्यवस्था गरिएको छ।

यो कार्यक्रम कालिका नगरपालिकाको पशु सेवा शाखाद्वारा सञ्चालन गरिएको हो। अघिल्लो वर्ष पनि यस्तै प्रकारको बन्ध्याकरण कार्यक्रम सञ्चालन गरिएको थियो, जसबाट सकारात्मक नतिजा प्राप्त भएपछि यस वर्ष पुन: निरन्तरता दिइएको नगरपालिकाले जनाएको छ। विगतको अनुभवका आधारमा यस वर्ष कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाइएको जनाइएको छ।

नेपाल सरकारको नीतिअनुसार सामुदायिक कुकुरको बन्ध्याकरण तथा रेबिजविरुद्ध खोप कार्यक्रमलाई रोग नियन्त्रणको दीर्घकालीन उपायका रूपमा लिने गरिन्छ। यस्ता कार्यक्रमहरूले रेबिज पूर्ण रूपमा अन्त्य गर्न नसके पनि संक्रमणको जोखिम उल्लेखनीय रूपमा घटाउन सहयोग पुग्ने विश्वास गरिएको छ।

स्थानीय तहबाट सञ्चालन गरिएका यस्ता कार्यक्रमहरूले जनस्वास्थ्य सुरक्षामा प्रत्यक्ष प्रभाव पार्ने अपेक्षा गरिएको छ। साथै, कुकुरको अनियन्त्रित वृद्धिदर घटाउँदै मानव-जनावरबीच हुने द्वन्द्व न्यूनीकरण गर्न समेत यो अभियान उपयोगी हुने विश्वास गरिएको छ। नगरपालिकाले आगामी दिनमा पनि यस्ता जनहितका कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ।

# उदयपुरमा दुई महिनामा ४७ मुद्दा दर्ता

**माधव पोखरेल, उदयपुर**

जिल्ला प्रहरी कार्यालय उदयपुरमा गएको माघ र फागुन महिनाको दुई महिनाको अवधिमा विभिन्न प्रकृतिका जम्मा ४७ थान मुद्दा दर्ता भएका छन्।

जिल्ला प्रहरी कार्यालय उदयपुरले दिएको जानकारी अनुसार २०८२ माघ महिनामा २० थान र फागुनमा २७ थान गरी कुल ४७ थान मुद्दा दर्ता भएको हो। सामान्य प्रकृतिका मुद्दा माघमा १५ थान र फागुनमा २४ थान गरी ३९ थान रहेका छन् भने गम्भीर प्रकृतिका माघमा ३ थान र फागुनमा १ थान गरी ४ थान मुद्दा दर्ता भएका छन्। जघन्य प्रकृतिका मुद्दा माघमा २ थान र फागुनमा पनि २ थान दर्ता भएका छन्। महिला, बालबालिका तथा ज्येष्ठ नागरिकविरुद्धका कसुरमा दुई महिनामा १५ थान मुद्दा दर्ता भएका छन्। माघमा महिला सम्बन्धी १ थान र फागुनमा ५ थान मुद्दा दर्ता भएका छन् भने बालबालिकातर्फ माघमा ४ थान र फागुनमा ५ थान मुद्दा दर्ता भएका छन्। ज्येष्ठ नागरिकसम्बन्धी माघमा कुनै मुद्दा दर्ता नभएको र फागुनमा २ थान दर्ता भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ।

यसैगरी आर्थिक अपराधका घटनामा माघमा ४ थान मुद्दा दर्ता भएका छन् भने फागुनमा यस्तो कुनै मुद्दा दर्ता भएको छैन। माघमा दर्ता भएका आर्थिक अपराधका मुद्दामध्ये ठगी सम्बन्धी १ थान र बैंकिङ कसुरका ३ थान रहेका छन्। चालु मुद्दातर्फ माघमा कुल २९ मुद्दा दर्ता भएकोमा २६ प्रतिवादी पक्राउ परेका छन् भने ५ जना फरार प्रतिवादीसहित ३१ जना पक्राउ गरिएको छ। फागुनमा २७ चालु मुद्दा दर्ता भएकोमा १८ प्रतिवादी पक्राउ परेका छन् र २ जना फरार प्रतिवादीसहित २० जना पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ। फैसला कार्यान्वयनतर्फ माघ महिनामा ४० जना फरार प्रतिवादी पक्राउ गरिएकोमा उनीहरूलाई ११ वर्ष ५ महिना १४ दिन कैद सजाय तोकिएको र २ लाख ६० हजार ९५० रुपैयाँ जरिवाना असुल गरिएको छ।

# रोयल्स च्यालेन्जर्सलाई उपाधि रक्षा गर्न चुनौती

## मुम्बई र चेन्नाई रेकर्ड उपाधिको लक्ष्यमा

■ फिरोज राजोपाध्याय



यस सिजनको इन्डियन प्रिमियर लिग (आईपीएल) शनिबारदेखि शुरु भएको छ। प्रतियोगितामा गत झैं १० टोलीले सहभागिता जनाएको छ। यसलाई दुई समूहमा विभाजित गरिएको छ। जसअनुसार समूह ए मा चेन्नाई सुपर किंग्स, कोलकाता नाइट राइडर्स, गुजरात टाइटन्स, दिल्ली क्यापिटल्स र लखनउ सुपर किंग्स रहेका छन्।

यसैगरी समूह बी मा गत संस्करणको च्याम्पियन रोयल च्यालेन्जर्स र रनर अप पन्जाब किंग्स एकै समूहमा परेको छ। यीबाहेक अन्य तीन टोलीमा मुम्बई इण्डियन्स, राजस्थान रोयल्स र सनराइजर्स हैदराबाद रहेका छन्।

आफ्नो समूहका सबै टोलीले सबैसँग समान दुई खेल खेल्नेछन्। अर्को समूहका समानान्तर रुपमा आफ्नो स्थानमा रहने एक टोलीसँग भने दुई पटक तथा अन्य चार टोलीसँग भने समान एक खेल खेल्नेछ। हरेक टोलीले समूह चरणमा १४ खेल खेल्नेछन्। यसमा घरेलु मैदान र विपक्षी टोलीको मैदानमा ७/७ खेल हुनेछ।

### सबै कप्तान भारतीय खेलाडी

यसपटकको संस्करणमा सबै १० टोलीका कप्तान भारतीय खेलाडी रहेका छन्। यसरी भारतीय खेलाडीले कप्तानी गरेको यो आईपीएल इतिहासमा पहिलोपटक नै हो। यसअघि स्वदेशी र विदेशी खेलाडीलाई कप्तानी जिम्मा दिने गरिएको थियो। टोली कप्तान यस प्रकारका छन्:

- ऋतुराज गायकवाड (चेन्नई सुपर किंग्स)
- रियान पराग (राजस्थान रोयल)
- अक्षर पटेल (दिल्ली क्यापिटल)
- शुभमन गिल (गुजरात टाइटन्स)
- अजिंक्या रहाणे (कोलकाता नाइड राइडर्स)
- हार्दिक पाण्डया (मुम्बई इन्डियन्स)
- रजत पाटीदार (रोयल च्यालेन्जर्स बैंगलोर)
- इशान किसन (सनराइजर्स हैदरावाद)
- श्रेयस अैयर (पञ्जाव किंग्स)
- ऋषभ पन्त (लखनउ सुपर जायन्ट)

### मुम्बई र चेन्नाई सर्वाधिक उपाधि विजेता

आईपीएलको इतिहासमा सर्वाधिक उपाधि जित्नेमा मुम्बई इन्डियन्स र चेन्नाई सुपर किंग्स रहेका छन्। यी दुबै टोलीले ५/५ पटक उपाधि जितेका छन्। यस्तै, कोलकाता नाइट राइडर्सले ३ पकट उपाधि आफ्नो नाम गरेको छ। अन्यमा राजस्थान रोयल्स, डेक्कन चार्जर्स, रोयल च्यालेन्जर्स बैंगलोर, सनराईजर्स हैदराबाद र गुजरात टाइटन्सले एक-एक पटक उपाधि जित्न सफल भएका छन्। तर, पञ्जाब किंग्स, लखनउ सुपरजायन्ट र दिल्ली क्यापिटलले उपाधि जित्न सकेका छैनन्।

### च्याम्पियन्स र रनरअप

| | | |
|---|---|---|
| २००८ | राजस्थान रोयल्स | चेन्नाई सुपर किंग्स |
| २००९ | डेक्कन चार्जर्स | रोयल च्यालेंजर्स बैंगलोर |
| २०१० | चेन्नाई सुपर किंग्स | मुम्बई इन्डियन्स |
| २०११ | चेन्नाई सुपर किंग्स | रोयल च्यालेंजर्स बैंगलोर |
| २०१२ | कोलकाता नाइट राइडर्स | चेन्नाई सुपर किंग्स |
| २०१३ | मुम्बई इन्डियन्स | चेन्नाई सुपर किंग्स |
| २०१४ | कोलकाता नाइट राइडर्स | किंग्स ११ दपंजाब |
| २०१५ | मुम्बई इन्डियन्स | चेन्नाई सुपर किंग्स |
| २०१६ | सनराइजर्स हैदराबाद | रोयल च्यालेन्जर्स बैंगलोर |
| २०१७ | मुम्बई इन्डियन्स | राइजिंग पुणे सुपरजाइंट्स |
| २०१८ | चेन्नाई सुपर किंग्स | सनराइजर्स हैदराबाद |
| २०१९ | मुम्बई इन्डियन्स | चेन्नाई सुपर किंग्स |
| २०२० | मुम्बई इन्डियन्स | दिल्ली क्यापिटल्स |
| २०२१ | चेन्नाई सुपर किंग्स | कोलकाता नाइट राइडर्स |
| २०२२ | गुजरात टाइटन्स | राजस्थान रोयल्स |
| २०२३ | चेन्नाई सुपर किंग्स | गुजरात टाइटन्स |
| २०२४ | कोलकाता नाइट राइडर्स | सनराइजर्स हैदराबाद |
| २०२५ | रोयल च्यालेन्जर्स बैंगलोर | पंजाब किंग्स |

## आजको राशिफल

• ज्यो. काश्यप उपाध्याय

**मेष**
विवाद, निरर्थक दौडधूप भए पनि बेलुकीपख भने कार्य सिद्धि, धन प्राप्ति हुन सक्छ।

**वृष**
पैसा प्राप्ति, सफलता, मान-सम्मान होला। बेलुका भने अपच, दौडधूप नहोला भन्न सकिन्न।

**मिथुन**
तपाईंका लागि दिन शुभ छ। धन लाभ, पराक्रम, प्रसन्नता, मान-सम्मान बढ्ने देखिन्छ।

**कर्कट**
समय अनुकूल भएकाले उपहारादि वस्तु प्राप्ति, कार्य सफल, धन लाभ, सुख-सन्तोष होला।

**सिंह**
धन हानि, स्वास्थ्य बाधा होला। बेलुकाको समयमा भने सुख-सन्तोष, कार्य सफल हुन सक्छ।

**कन्या**
मिष्ठान्न भोजन, पारिवारिक सुखको सम्भावना भए पनि बेलुकीपख अस्वस्थता हुन सक्छ।

**तुला**
दिन उत्तम फलदायक छ। कामकाज सफल, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति हुने सम्भावना छ।

**वृश्चिक**
सानै प्रयासबाट प्रतिष्ठामा वृद्धि, राज्यबाट लाभ, परीक्षामा सफलता, कार्य सिद्धि हुन सक्छ।

**धनु**
अस्वस्थता, नोक्सान हुन सक्छ बेलुकीपख भने सरकारी लाभ, ऐश्वर्यको सम्भावना छ।

**मकर**
धन लाभ, सम्मान, समस्या समाधान होला। बेलुका भने अस्वस्थ हुने सम्भावना छ।

**कुम्भ**
दिन उत्तम छ। आर्थिक लाभ, प्रतिस्पर्धी वा शत्रुमाथि विजय, पठनपाठनमा सफलता होला।

**मीन**
समय अनुकूल भएकाले कार्य सफल, स्वस्थता, आर्थिक लाभ, सफलता हुने देखिन्छ।


**बागमती प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र**
**हेटौंडा, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना**

**प्रकाशित मितिः- २०८२/१२/१५**

यस केन्द्रबाट मिति २०८२/१०/२६ मा राष्ट्रिय पत्रिकामा आह्वान गरिएको तपसिल बमोजिमको बोलपत्र अन्तर्गत तपसिलको फर्म न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन अएकोले बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन, २०६३ को उपदफा २७(२) बमोजिम स्वीकृत आशयको सूचना प्रकाशित गरिएको छ ।

| S.No. | Contract Name and Number | Bidder’s Name and Address | Amount (Without VAT) |
|---|---|---|---|
| 1. | PROCUREMENT OF TRANSPORTATION SERVICE FOR HEALTH LOGISTICS , National Competitive Bidding (NCB) IFB No.: HLMC/G/NCB-22/2082/83 | Air Manakamana Courier and Cargo,Teku Kathmand | Rs. 23,99,000.00 |



**Belauri Municipality**
**Office Of the Municipal Executive**
**Belauri , Kanchanpur**
**Sudurpaschim Province, Nepal**

**Invitation for Bids**

**Invitation for Bids No.: BELMUN/NCB/M/082/083-03**

**Date of publication: 29th March 2026 10:00**

1. Belauri Municipality invites electronic bids from Nepalese eligible bidders for the Supply of Medicine and Medical Devices in Belauri Municipality under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Belauri Municipality Kanchanpur, belaurimunicipality@gmail.com,099-580215 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders, submitting their bid electronically, should deposit the cost (Rs 3000) of bidding document in the Project’s Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Rastriya Banijya Bank Name of Office: Belauri Municipality
Office Code no. :801077604 Office Account no.: 4390100301010002
Rajaswa (revenue) Shirshak no.: BELAURI NA.PA. (GA-1-1)
4. Electronic bids must be submitted through PPMO website on 28th April 2026 13:00. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders’ representatives who choose to attend at 28th April 2026.at the office of Belauri Municipality. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Rs. 90000/-. Nrs which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



**Government of Gandaki Province**
**Ministry of Industry and Tourism**
**Ministry of Social Development Youth and Sports**
**Integrated Service Office**
**Nawalparasi (Ba.Su.Pu.)**

**Invitation for E-Bid**

**Date of Publication: 2082-12-15 (2026-03-29)**

1. Province Government, Ministry of Industry and Tourism and Ministry of Social Development Youth and Sports Integrated Service Office, Nawalparasi (Ba.Su.Pu.) invites electronic bid from duly registered eligible bidders for the contract given below.

| S.N | Contract No. | Description of the Work | Estimated Amount With Vat and PS NRs | Minimum Bid Security Amount (NRs) and its validity period | Non Refundable fee for Bidding Document NRs | Bid Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | ISO/STP/Works/SQ-04/082-83 | Shanischare Talma Purbadhar Nirman (Toilet Nirman) Devchuli-01 | 19,99,716.43 | 50,000.00 | 1000.00 | 75 days |
| 2 | ISO/NBMP/Works/SQ-05/082-83 | Navdurga Bhagawati Mandirma Purbadhar Nirman Madhyabindu-08 | 19,99,795.40 | 50,000.00 | 1000.00 | 75 days |
| 3 | ISO/MPP/Works/SQ-06/082-83 | Madhyabindu Paryatan Park (Madhyabindu Aspatal Agadi )Madhyabindu-07 | 19,99,955.43 | 50,000.00 | 1000.00 | 75 days |
| 4 | ISO/JSSK/Works/SQ-07/082-83 | Janakalyan Secondary School Purbadhar Sudhar Kawasoti-08 | 10,33,490.66 | 27,000.00 | 1000.00 | 75 days |
| 5 | ISO/SDMK/Works/SQ-08/082-83 | Sidhidatri Durga Mandir Kotihome Aashram Purbadhar Nirman Gaindakot-10 | 14,99,767.89 | 39,000.00 | 1000.00 | 75 days |

2. For Purchasing Bid Document, Name of Office: Integrated Service Office, Nawalparasi (Ba.Su.Pu.), Name of Bank: Rastriya Banijya Bank Limited, Office Code No.: 3500846014, Account no.: 1000100200010000, Revenue Head no.:14229
3. To deposit security in Cash: Name of Bank: Rastriya Banijya Bank Limited, Account Name: Dharauti Khata, Account no: 3200100202030000
4 . Last date and time for bid submission: 2082-12-30 / 12:00 Noon (ii) Date, time and place for bid opening : 2082-12-30/ 14:00 Hours. ISO, Nawalparasi (Ba.Su.Pu.) For detail information, please inspect the bidding documents at the ISO, Nawalparasi (Ba.Su.Pu.) or through website: www.bolpatra.gov.np/egp and 078-540675

**Office Chief**

newsofnepal.com
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३
२०८२ | Sunday, March 29, 2026

# नयाँ सरकारबाट आर्थिक सुधार हुनेमा सिमेन्ट उद्योगी आशावादी छन्

नयाँ सरकारप्रति उद्योगी व्यवसायीले आर्थिक रूपान्तरण, नीति सुधार, रोजगारी सिर्जना, सिमेन्ट उद्योगको वर्तमान अवस्था, निर्यात, चुनौतीहरू र उद्योगमैत्री वातावरण निर्माणप्रति आशावादी रहेको देखिएको छ। नेपालमा उद्योगको विकास र वर्तमान अवस्थाबारे उद्योगीको दृष्टिकोणसम्बन्धी *नेपाल समाचारपत्र*ले नेपाल सिमेन्ट उत्पादक संघका अध्यक्ष *रघुनन्दन मारु*सँग गरिएको कुराकानी।



**रघुनन्दन मारु**
अध्यक्ष, नेपाल सिमेन्ट उत्पादक संघ

**नवगठित सरकारप्रति उद्योगी व्यवसायीको अपेक्षा के छ ?**

नयाँ सरकारप्रति उद्योगी व्यवसायीले सकारात्मक प्रतिक्रिया जनाएका छन्। सरकार गठन भएसँगै देशमा स्थायित्व आउने आशा पलाएको छ। यसप्रति उनीहरू निकै आशावादी देखिन्छन्। सरकार गठनपछि देशले द्रुत गतिमा निकासको बाटो समात्नेछ भन्ने विश्वास रहेको छ। समग्रमा, नयाँ सरकारप्रति निजी क्षेत्रले सकारात्मक अपेक्षा राखेको छ।

मुलुकले आर्थिक रूपान्तरणको आवश्यकता महसुस गरिरहेको वर्तमान सन्दर्भमा उद्योगी-व्यवसायीहरूले नयाँ सरकारबाट ठोस र परिणाममुखी कदमको अपेक्षा गरेका छन्। चुनावअघि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सार्वजनिक गरेको वाचापत्रमा आर्थिक उपार्जनका विभिन्न उपाय समावेश गरिएका थिए, जसले उद्योगी व्यवसायीहरूमा ठूलो विश्वास जगाएको थियो। यही विश्वासका कारण व्यापक जनसमर्थन प्राप्त भई ठूलो बहुमत आउने वातावरण बनेको पनि मानिन्छ।

यदि कुरा एकातिर र काम अर्कोतिर हुने अवस्था रह्यो भने अपेक्षित गति प्राप्त हुँदैन र परिणाम पनि सन्तोषजनक आउँदैन। त्यसैले यसपटक भने सरकारबाट प्रतिबद्धताअनुसार काम हुने अपेक्षा गरिएको छ। रास्वपाले जनतासँग गरेका वाचा अवश्य नै पूरा गर्नेछ भन्ने विश्वास उद्योगी व्यवसायीले राखेका छन्। साथै, 'इज अफ इजिङ' र 'इज अफ डुइङ बिजनेस' जस्ता अवधारणा सफलतापूर्वक कार्यान्वयन भई नेपाली जनताको समृद्धिको सपना साकार हुने समय आएको उनीहरूको अपेक्षा छ। समग्रमा नयाँ सरकारसँग विशेषगरी नीतिगत र प्रक्रियागत सुधारको अपेक्षा गरेका छन्। सिमेन्ट उद्योगीहरूको हकमा मुख्यतया दुईवटा समस्या देखिएका छन्। भोगाधिकार र रुख कटानसम्बन्धी अनुमति प्रक्रिया। हाल रुख काट्ने अधिकार जिल्ला वन कार्यालयसँग भए पनि भोगाधिकार प्राप्त गर्न मन्त्रिपरिषद् (क्याबिनेट)सम्म जानुपर्ने अवस्था रहेको छ, जसले प्रक्रिया अत्यन्त जटिल, समय र लागत बढाउने काम भएको छ। उद्योगीहरूको धारणाअनुसार यस्तो प्रणालीलाई परिवर्तन गरी एकद्वार प्रणालीमार्फत छिटो र सहज रूपमा सेवा उपलब्ध गराइनु आवश्यक छ। अहिले उद्योग स्थापना तथा सञ्चालनसँग सम्बन्धित फाइलहरू विभिन्न निकायमा 'फुटबल' जस्तै घुमिरहने अवस्था रहेको छ, जसका कारण उत्पादनशील समय अनावश्यक रूपमा प्रक्रिया पूरा गर्नमै खर्च भइरहेको छ।

**रास्वपाले आफ्नो वाचापत्रमा धेरै ऐन नियम परिवर्तन गर्ने घोषणा गरेको थियो। यसमा तपाईंको भनाइ के छ ?**

रास्वपाले आफ्नो वाचापत्रमा धेरै ऐन-नियम परिवर्तन गर्ने प्रतिबद्धता जनाएको सन्दर्भमा उद्योगी-व्यवसायीले सकारात्मक रूपमा लिएका छन्। उनीहरूको भनाइमा अघिल्लो सरकारका अर्थमन्त्री रामेश्वर खनालको नेतृत्वमा गठन गरिएको आर्थिक सुधार आयोगले तयार पारेको करिब ४२५ पृष्ठको प्रतिवेदनमा पनि अनावश्यक ऐन नियम खारेज गर्नुपर्ने आवश्यकता औंल्याइएको थियो। उद्योगीहरूका अनुसार हालको कानुनी तथा प्रक्रियागत व्यवस्था अत्यन्त जटिल र झन्झटिलो छ। व्यवसाय सञ्चालनका लागि लाइसेन्स लिने प्रक्रिया जटिल हुनुका साथै आईईई र ईआईए जस्ता अध्ययन प्रक्रियाहरू, जग्गा खरिद, रुख सम्बन्धी समस्यालगायतका विषयले उद्योग स्थापना र सञ्चालनमा बाधा पुर्‍याएका छन्। त्यस्तै, भोगाधिकारसम्बन्धी समस्या पनि निकै गम्भीर रूपमा देखिएको छ। यसैले, यस्ता जटिल

AIRMEK
COMPRESSOR

र अव्यावहारिक नियम-कानुनलाई सुधार वा खारेज नगरेसम्म अपेक्षित आर्थिक रूपान्तरण सम्भव नहुने उद्योगी-व्यवसायीको छ।

**नयाँ सरकारले प्रतिव्यक्ति ३ हजार डलर पुर्‍याउने लक्ष्य राखेको छ। यस विषयमा तपाईंको भनाइ के छ ?**

नयाँ सरकारले प्रतिव्यक्ति आय १५ सय डलरबाट ३ हजार डलर पुर्‍याउने लक्ष्य राखेको विषय असम्भव छैन। यदि 'इज अफ लिभिङ' र 'इज अफ डुइङ बिजनेस' जस्ता अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकियो भने देशबाट विदेश पलायन भइरहेका जनशक्तिलाई स्वदेशमै रोक्न सकिन्छ। त्यसैगरी, विदेश गएका नेपालीलाई स्वदेशमै फर्केर स्टार्टअप तथा उद्यम गर्न प्रोत्साहन गर्ने, देशभित्रै व्यवसाय सञ्चालन गरी आय-आर्जन गर्न सरकारले आवश्यक प्रोत्साहन (इन्सेन्टिभ) प्रदान गर्ने हो भने उक्त लक्ष्य हासिल गर्न सकिने विश्वास छ। यसरी अनुकूल व्यावसायिक वातावरण निर्माण गर्दै आन्तरिक उत्पादन र रोजगारीका अवसर विस्तार गर्न सकिएमा प्रतिव्यक्ति आय वृद्धि गरी ३ हजार डलर पुर्‍याउने लक्ष्य पनि प्राप्त गर्न सम्भव छ।

**करका दरहरू परिवर्तन हुन्छन् भन्ने चर्चा छ। यसले व्यवसायमा कस्तो प्रभाव पर्छ ?**

करका दरहरूमा हुने परिवर्तनले व्यवसायीहरूलाई अनुकूल वातावरण सिर्जना गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ। यसले व्यवसाय सञ्चालनलाई सहज बनाउने मात्र होइन, नाफा वृद्धि गर्न पनि सहयोग पुर्‍याउन सक्छ। हाल अधिकांश वस्तु तथा सेवामा १३ प्रतिशत कर लागिरहेको छ। तर, सबै प्रकारका सामग्रीमा समान कर दर लागू गर्नु उपयुक्त नहुने व्यवसायीहरूको धारणा छ। विशेषगरी खाद्यान्न जस्ता अत्यावश्यक वस्तुहरूमा र सिमेन्टजस्ता निर्माण सामग्रीमा समान १३ प्रतिशत कर लगाउनु व्यावहारिक हुँदैन। अत्यावश्यक वस्तुहरूमा कम कर निर्धारण गर्नुपर्ने आवश्यकता छ। करको दायरा ५ प्रतिशतदेखि १८ प्रतिशतसम्म फरक-फरक दरमा निर्धारण गर्न सकिन्छ। यसरी वर्गीकरण गरेर कर निर्धारण गर्दा राज्यको राजस्वमा ठूलो क्षति नपर्ने र समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने छ।

**हिजोआज सिमेन्टको मूल्य बढेको हो ?**

हो, अहिले सिमेन्टको मूल्य बढेको छ। यसको मुख्य कारण उत्पादन र आपूर्तिसँग सम्बन्धित विभिन्न लागतहरूमा भएको वृद्धि हो। विशेषगरी ढुवानी भाडा बढ्नु, सिमेन्ट प्याकेजिङका लागि प्रयोग हुने बोराको अभाव हुनु तथा कच्चा पदार्थको मूल्य झन्डै दोब्बर पुग्नुले लागत उल्लेखनीय वृद्धि भएको छ। साथै, कोइलाजस्ता इन्धनको मूल्यसमेत बढेकाले उत्पादन खर्च थप महँगिएको छ।

**मूल्यवृद्धिबाट जनतालाई भार पर्दैन ?**

अवश्य पनि यसले जनतालाई केही न केही भार थप्नेछ। हालको मूल्यवृद्धि मुख्यतया सामग्रीको अभावका कारण उत्पन्न भएको अवस्था हो। यस्तो परिस्थितिमा उत्पादन लागत बढ्दा त्यसको प्रत्यक्ष असर उपभोक्तामाथि पर्न जान्छ। यद्यपि, अन्तर्राष्ट्रिय परिस्थितिमा सुधार आउने र विशेषगरी विश्वस्तरमा भइरहेको द्वन्द्व अन्त्य भई आपूर्ति प्रणाली सहज बन्ने अपेक्षा गरिएको छ। यदि त्यस्तो अवस्था सिर्जना भयो भने मूल्यमा पनि स्थिरता आउने विश्वास गर्न सकिन्छ।

**सिमेन्ट निर्यातको अहिलेको अवस्था कस्तो छ ?**

नेपाल सिमेन्ट उत्पादनमा आत्मनिर्भर भई निर्यातमुखी भएको थियो। विगतका सरकारले सिमेन्ट निर्यातलाई अनुदान दिएको पनि थियो। त्यो अहिले बन्द भएको छ। जसले गर्दा निर्यात ह्वात्तै घट्यो। त्यो पाँच देखि आठ प्रतिशत अनुदान सरकारले दिएकामा त्यो भन्दा बढी राजस्व आएको थियो। त्यसमा १२ प्रतिशत सरकारलाई राजस्व आइरहेको थियो। किन अनुदान घटायो थाहा छैन। यस्तो कुरा सरकारले बन्द गर्नु हुँदैन।

**के नेपाली सिमेन्टले अन्तर्राष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न सक्छ ?**

नेपाली सिमेन्टको गुणस्तरमा कमी छैन। यही कारणले विगतमा नेपालले सिमेन्ट निर्यातसमेत गरेको अनुभव छ। उद्योगीहरूको विश्वास अनुसार, गुणस्तरको दृष्टिले नेपाली सिमेन्ट अन्तर्राष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न सक्षम छ र यसमा कुनै शंका छैन।

**अहिले नेपालाट कुन कुन देशमा सिमेन्ट निर्यात भइरहेको छ ?**

अहिले भारतमा मात्र सिमेन्ट निर्यात भइरहेको छ। यसमा सरकारबाट निर्यात अनुदान पाएको खण्डमा बंगलादेश लान सक्छौं।

**विगत लामो समयदेखि खा(नीको अनुमति पनि बन्द छ, यसले कस्तो प्रभाव पारेको छ ?**

हो, खानी अनुमति प्रक्रिया लामो समयदेखि अवरुद्ध रहेको छ र यसलाई खुलाउनुपर्ने आवश्यकता देखिन्छ। हाल वन भोगाधिकारसम्बन्धी प्रक्रिया अत्यन्त जटिल बन्दै गएको छ। अनुमति लिनका लागि फाइल जिल्ला वन कार्यालयबाट सुरु भएर डिभिजन वन, इलाका, पुनः विभिन्न तह पार गर्दै अन्ततः वन मन्त्रालय र मन्त्रिपरिषद् (क्याबिनेट)सम्म पुग्नुपर्ने अवस्था छ, जसले प्रक्रिया अत्यधिक झन्झटिलो र समय लगाउने बनाएको छ। उद्योगीहरूको धारणा अनुसार यस्तो बहुस्तरीय प्रक्रिया हटाई स्पष्ट नियम बनाउँदै एउटै निकायमार्फत भोगाधिकारको जिम्मेवारी दिने व्यवस्था गर्न सकिन्छ। यदि देशमा औद्योगिक विकासलाई तीव्रता दिने हो भने यस्ता जटिल प्रक्रियाहरूलाई सरलीकरण गर्नु अत्यावश्यक छ। अन्यथा, जति नै नीति तथा प्रतिबद्धता व्यक्त गरिए पनि व्यवहारमा कार्यान्वयन हुन नसक्ने अवस्था आउन सक्छ। त्यसैले खानी अनुमति प्रक्रिया पुनः खुला गर्दै समग्र प्रणालीलाई सरल, पारदर्शी र प्रभावकारी बनाउनु आजको आवश्यकता भएको उद्योगीहरूको निष्कर्ष रहेको छ।

**सिमेन्ट उद्योगमा बिजुलीको आपूर्तिको स्थिति के छ ?**

अहिले पनि बेला बेलामा जेनेरेटर चलाई राख्नुपर्छ। बिजुलीको समस्या छ। अहिले डिजेलको पनि समस्या आउँदै छ। जसले जेनेरेटर चल्दैन।

**विश्वमा जारी द्वन्द्वका कारण तेलको अभाव र मूल्य वृद्धि भइरहेको छ। यसैगरी तेलको अभाव हुँदै जाने हो भने यसले कस्तो असर गर्ला ?**

तेलको अभावले प्रत्यक्ष रूपमा चुनढुङ्गाको आपूर्ति बन्द हुन सक्छ, जसले सिमेन्ट उत्पादनमा कठिनाइ ल्याउँछ। साथै, ढुवानी लागतमा वृद्धि भएमा यसको प्रभाव थप स्पष्ट देखिन्छ। हाल बोराको लागत पनि उच्च रहेको छ, जसले कुल उत्पादन खर्चमा थप दबाब सिर्जना गरेको छ। यो अन्तर्राष्ट्रिय विषय भएकाले नेपालले स्वतन्त्र रूपमा ठोस समाधान गर्न सक्दैन। यद्यपि, यसको दीर्घकालीन असरले उद्योगको लागत र उत्पादन प्रक्रियामा चुनौती ल्याउने निश्चित छ।

**देश विकासले कसरी उच्च गतिका लिन सक्ला, एक सय मिलियन डलरको अर्थतन्त्र बन्न सम्भव छ ?**

असम्भव हुने लक्ष्य भने होइन। यसलाई अगाडि बढाउन सरकारले ठूलो सोचका साथ काम गर्नुपर्दछ। त्यस्तो ठूलो सोच राखेमा असम्भव भने छैन। हामीसँग प्राकृतिक स्रोत साधन वन, ढुङ्गालागायतलाई सही तरिकाले प्रयोग गर्नुपर्दछ।

**देशको अर्थतन्त्र उकास्न के गर्नुपर्ला ?**

अर्थतन्त्र उकास्न सरकारले प्रत्यक्ष व्यापारमा संलग्न हुनुको सट्टा व्यवसाय गर्ने अनुकूल वातावरण निर्माण गर्नुपर्छ। जुन देशको सरकार आफैं व्यापारमा लाग्छ, त्यस देशको दिगो विकास हुन सक्दैन। सरकारले केवल नियम, सुविधा र प्रोत्साहनमार्फत निजी क्षेत्रलाई सशक्त बनाउने भूमिका निर्वाह गर्नुपर्छ। यससँगै, उपलब्ध स्रोत साधनहरूलाई सही र प्रभावकारी रूपमा परिचालन गर्नु आवश्यक छ। यी उपाय अपनाएमा मात्र अर्थतन्त्रलाई द्रुत गतिमा अगाडि बढाउन सकिन्छ।

**स्वदेशमै थप रोजगारी सिर्जना गर्ने उपाय केही छ ?**

स्वदेशमै रोजगारी सिर्जना गर्न उद्योगी-व्यवसायीहरूले केही महत्वपूर्ण उपायहरू सुझाएका छन्। सबैभन्दा पहिले, विदेश पलायनलाई रोक्नु आवश्यक छ। यसका लागि सरकारले तीनवटा मुख्य कदम चाल्नुपर्छ। युवालाई न्यूनतम ब्याजदरमा स्टार्टअप सञ्चालन गर्ने अवसर र सहयोग प्रदान गर्नु, जसले उनीहरूलाई देशमै काम गरी उद्यमशीलता विकास गर्न प्रेरित गर्नेछ। अर्थशास्त्रसँग सम्बन्धित विभिन्न निकाय र कार्यक्रमलाई उच्च मनोबलका साथ काम गर्न सक्ने वातावरण निर्माण गर्नु, पिछडिएको क्षेत्रहरू, जस्तै सुदुरपश्चिमका जनतालाई कर्जा उपलब्ध गराएर उद्योग स्थापना र सञ्चालन गर्न प्रोत्साहित गर्नु जस्ता काम गर्दा विदेश पलायन रोक्न सकिन्छ। उद्योगीहरूले भारतको उत्तर प्रदेशमा आदित्यनाथले छोटो समयमा क्यापिटल सुविधासहित सुरक्षा र उत्पादनको बजार उपलब्ध गराएर उद्योग विकासमा सहयोग पुर्‍याएको उदाहरण पनि उल्लेख गरेका छन्। यसका साथै, नीति दीर्घकालीन र स्थायी हुनुपर्छ, लगानीकर्तालाई विश्वास दिलाउने उपायहरू अपनाइनुपर्छ। यसरी मात्र नेपाललाई उन्नत राष्ट्र बनाउँदै दाता राष्ट्रमा निर्भर रहनुको सट्टा आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न सकिन्छ।

**सिमेन्ट उद्योगहरूबाट कति जनाले रोजगार पाएका छन् ?**

नेपालमा सिमेन्ट उद्योग दुई प्रकारका छन्। एक, उद्योग आफैंले कच्चा ढुगा उत्पादन गर्छ दोस्रो, कच्चा पदार्थ बाहिरबाट ल्याएर उत्पादन हुन्छ। हाल देशमा करिब ४२ वटा सिमेन्ट उद्योग सञ्चालनमा छन्, केही उद्योग बन्द भइसकेका छन्। रोजगारीका हिसाबले हेर्दा यी उद्योगहरूले करिब १ लाख जनालाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रोजगारी उपलब्ध गराएका छन्। यसले आर्थिक विकासमा महत्वपूर्ण योगदान पुर्‍याएको छ।

**नेपालको बेरोजगारलाई कम गर्न के के गर्नुपर्छ ?**

बेरोजगार युवालाई उत्प्रेरित गरी देशमै केही गरौं भन्नुपर्दछ।

**तपाईं नेपाल उद्योग वाणिज्य महासंघमामा उम्मेदवारी दिँदै हुनुहुन्छ ?**

हो, म यसपटक चुनावमा उम्मेदवारी दर्ता गर्दैछु। शिव घिमिरेको तर्फबाट वस्तुगत तर्फको प्रतिनिधित्व गर्दै मैले उम्मेदवारी दिँदै छु। हाम्रो मुख्य एजेन्डा सरकारले उद्योगमैत्री वातावरण सिर्जना गर्न सहकार्य गर्ने हो। उद्योगीका लागि स्पष्ट र सहज नीति बनोस् भन्ने हाम्रो चाहना छ। साथै, उद्योग सञ्चालनमा बाधा र अवरोधहरू हटाउनु मेरो प्राथमिकतामा पर्छ। उद्योगीहरूले कुनै प्रकारको समस्या वा जटिलता नपरोस् भन्ने सुनिश्चित गर्न नीति निर्माणमा योगदान पुर्‍याउन मैले उम्मेदवारी दिन लागेको हुँ।

**नेपालको निर्माण क्षेत्रको अवस्था कस्तो छ ?**

सरकारसँग पुँजीगत खर्चको अभाव रहेको छ। यसमा प्रदेश सरकारमा पनि धेरै ठूलो बजेट गइरहेको छ। त्यस्तो बजेट छरेर दिने व्यवस्थाको अन्त्य गर्नुपर्ने देखिन्छ। अब भनेको काम गर्ने समय हो।

**अन्त्यमा केही भन्न बाँकी छन् ?**

हामीले कोल्टो फेर्ने बेला आइसकेको छ। एक अर्कालाई दोषरोपणबाट मुक्त बनी सकारात्मक सोचबाट अगाडि बढ्नुपर्छ। सरकारले शनिवार सार्वजनिक बिदा दिने परम्परागत निर्णयको बारेमा पनि पुनरविचार गर्नुपर्छ। अन्तर्राष्ट्रिय बजार आइतवार दिन बिदा दिइरहेका छन्।

- उद्योगी व्यवसायीले नयाँ सरकारबाट स्थायित्व र द्रुत आर्थिक विकासको अपेक्षा गरेका छन्।
- रास्वपाको वाचापत्रले उद्योगीमा विश्वास जगाएको र परिणाममुखी नीति कार्यान्वयनको अपेक्षा छ।
- स्वदेशमै उद्यम र आय सिर्जना गर्न आफ्नो अवधारणा कार्यान्वयन गर्न आवश्यक छ।
- फरक-फरक करका दर कायम गर्दै अत्यावश्यक वस्तुमा कम कर, राजस्वमा क्षति नपर्ने र अर्थतन्त्रमा सकारात्मक असर गर्ने गरी तय गरिनुपर्छ।
- ढुवानी, बोराका अभाव, कच्चा पदार्थ र इन्धन मूल्य वृद्धि कारण सिमेन्टको मूल्य वृद्धि भएको हो।
- नेपालमा ४२ सिमेन्ट उद्योगले करिब १ लाख जनालाई प्रत्यक्ष/अप्रत्यक्ष रोजगारी दिएका छन्।
- जग्गाको भोगाधिकार, रुख कटान र बहुस्तरीय अनुमति प्रक्रियालाई सरलीकरण आवश्यक छ।
- युवालाई विदेश पलायन रोक्न स्टार्टअप प्रोत्साहन, पिछडिएको क्षेत्रमा कर्जा, दीर्घकालीन नीति र लगानीकर्ताको विश्वास
- नेपाली सिमेन्ट उच्च गुणस्तर, भारतमा निर्यात भइरहेको छ।
- उद्योगमैत्री नीति निर्माण, अवरोध हटाउने र स्पष्ट नियम लागू गर्नुपर्छ।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित । कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं । पोबनं २०४५ । फोनः ५३६११७९ । फ्याक्सः ४३१८९९०। Email: nepalsamacharpatra@gmail.com । प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ । सम्पादकः सागर पण्डित